बालबालिकाको
खानपानः
अभिभावकले
दिनुपर्छ ध्यान ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० कात्तिक १० गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 October 27 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६४

## अंशको विवादलाई लिएर पतिद्वारा पत्नीको बीभत्स हत्या

प्रस, परवानीपुर, ९ कात्तिक/

वीरगंज महानगर-१४ बहुअरी मुस्लिम टोलमा गत शनिवार फूलपातीको राति एकजना महिलाको बीभत्स हत्या भएको छ।

सोही टोलका इजहारुल हक अन्सारीले २८ वर्षीया कान्छी पत्नी महिमा खातुनको छुरा प्रहार गरी हत्या गरेको पर्सा प्रहरीले जनाएको छ।

विवाह गरेको १० वर्षदेखि इजहारुल कान्छी पत्नीलाई लिएर जेठी पत्नीसँग बस्दै आएका थिए। जेठी पत्नीबाट सन्तान नभएपछि इजहारुलले बारा, कलैया उपमहानगरपालिका-५ घुसुकपुरकी महिमासँग दोस्रो विवाह गरेका थिए।



वीरगंज हेल्थकेयरमा उपचारको क्रममा मृत्यु भएकी महिमा। तस्वीरः प्रतीक

तीन वर्षसम्म उनीहरूबीच सम्बन्ध ठीक थियो। कान्छी पत्नीबाट छोरीको जन्म भएको तीन वर्षपछि छोरा जन्मेपछि दुवैजनाबीच मनमुटाव शुरू भएको थियो।

जेठी पत्नीले दुवैबीच झगडा बढाउने गरेको महिमाको माइती पक्षको आरोप छ। विवाद बढेपछि महिमा राधेमाई टोलमा ब्युटीपार्लर खोलेर छुट्टै बसेकी थिइन्। उनले पतिमाथि अंशको मुद्दा दर्ता गरेकी थिइन्। अंश विवादका कारण पति-पत्नीको झगडालाई लिएर धेरैपटक जिल्ला प्रहरी कार्यालय, पर्साको महिला सेल र स्थानीय भद्रभलादमीबीच पञ्चायती पनि भएको वीरगंज-१४ का अध्यक्ष महबूब एलाही अन्सारीले बताए। उनले दुवैबीचको विवादका कारण नै उक्त दुःखद घटना भएको बताए।

घटनामा संलग्न इजहारुल र उनकी जेठी पत्नी नूरजहाँ खातुनलाई पर्सा प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ।

महिमाको माइती पक्षले उक्त घटनामा महिमाका ससुरा र सासूको समेत संलग्नता रहेको आरोप लगाएका छन्। हाल दुवैजना फरार छन्।

कात्तिक ४ गते फूलपातीको राति ८:३० बजे घरमैं इजहारुलले महिमामाथि पाँचपटक छुरा प्रहार गरेका थिए। त्यसपछि घाइते महिमा भाग्दै दिदीको घरमा पुगेकी थिइन्। त्यसपछि उनलाई अस्पताल भर्ना गरिएको थियो। पतिको छुरा प्रहारबाट गम्भीर घाइते भएकी महिमालाई वीरगंज हेल्थकेयरमा शल्यक्रिया गरी उपचार गर्दा पनि उनको ज्यान बचाउन सकिएन। महिमा र इजहारुलका साढे तीन वर्षीया छोरी र नौ महीनाका छोरा अहिले महिमाको दिदीको संरक्षणमा छन्।

## वडाध्यक्षलाई कुट्ने प्रनानिलाई कारबाईको माग

प्रस, परवानीपुर, ९ कात्तिक/

वीरगंज महानगरपालिका-७ का अध्यक्ष हीराकाजी महर्जनलाई मुक्का प्रहार गरी कुटपिट गरेका नगवा प्रहरी चौकीका प्रहरी नायब निरीक्षक रवीन्द्र साह तुराहालाई कारबाईको माग गरिएको छ।

वडाध्यक्ष महर्जनसँगै वीरगंज मनपाका आठवटा वडाका अध्यक्ष एवं कार्यपालिका सदस्यहरूले बुधवार रामटोल हनुमान मन्दिरस्थित दुर्गापूजा समितिको पण्डालमा पत्रकार सम्मेलन गरी कारबाईको माग गरेका हुन्।



पत्रकार सम्मेलनमा वडाध्यक्ष महर्जनलगायत। तस्वीरः प्रतीक

गत कात्तिक ५ गते अष्टमीको राति ११:३० बजे दुर्गापूजा स्थलमा सांस्कृतिक कार्यक्रम गर्ने विषयमा विवाद हुँदा सुरक्षाकर्मीहरूले लाठीचार्ज गर्नुका साथै प्रनानि तुराहाले वडाध्यक्षलाई कुटपिट गरेका थिए। तुराहाको मुक्का प्रहारबाट वडाध्यक्ष महर्जनको बायाँ आँखामा गम्भीर चोट लागेको छ। आफू खाना खाएर घरमा सुतिरहेको बेला राति ११ बजे पर्सा प्रहरीका विभिन्न युनिटले कार्यक्रममा हस्तक्षेप गरेपछि टोलवासीले वडाध्यक्ष महर्जनलाई प्रशासनलाई मनाउन आग्रह गरेका थिए।

उनी कार्यक्रम स्थल पुगेर सुरक्षाकर्मीका इन्चार्जहरूलाई आग्रह गरेका थिए। तर आफ्नो आग्रहलाई बेवास्ता गर्दै प्रहरीले आफूलगायत सर्वसाधारण र भक्तजनहरूमाथि लाठीचार्ज गरेको र सोही क्रममा आफूमाथि पनि प्रहरीले ज्यादती गरेको उनले जानकारी गराए।

कुटपिटसँगै प्रहरीले मापसे गरेको भन्दै वडाध्यक्षसहित तीनजनालाई रातभरि थुनामा राखेर बिहान १० बजे रिहा गरेको थियो।

सोही घटनालाई लिएर वीरगंज मनपाको कार्यपालिका बोर्डले दोषी प्रहरीमाथि छानबीन र आवश्यक कारबाईको माग गरेको छ। नेपाली काङ्ग्रेसबाट वडाध्यक्ष भएकाले नेकाबाट पनि कारबाईको माग गरिएको छ।

## जग्गाको विवादमा घाइते भएकी रीताको मृत्यु

प्रस, परवानीपुर, ९ कात्तिक/

जग्गाको विवाद बढेर झगडा हुँदा पर्सामा एकजना महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा छिपहरमाई गाउँपालिका-२ भेडिअर्वाकी ५० वर्षीया रीतादेवी रहेकी छन्।


रीताका परिवारजन। तस्वीरः प्रतीक

उनको गत सोमवार राति उपचारको क्रममा एलएस न्युरो अस्पतालमा मृत्यु भएको र गत मङ्गलवार शल्यपरीक्षण गरी दाहसंस्कार गरिएको परिवारजनले बताएका छन्।

स्थानीय धनई बरईका छोरा सन्दीप बरई, आफन्तजनक दिनेश बरई, रमेश बरई, मुनीलाल साह कानूलगायतले रीतालाई कुटपिट गरेका थिए। रीतालाई सन्दीपले बाँसको फाटाले प्रहार गर्दा उनको टाउकोमा गम्भीर चोट लागेको थियो।

सो झगडामा रीताका पति शम्भुराउत अहिर, ज्वाइँ सखुवाप्रसौनी गापा-४ देउरवाना बस्ने ३१ वर्षीय विनोदराय यादव, छोरी २८ वर्षीया सुनीता देवीलगायत घाइते भएका थिए।

पर्सा प्रहरीले अहिले धनईलाई हिरासतमा लिएर अनुसन्धान गरिरहेको छ। प्रहरी चौकी टिउकीको लापरवाहीका कारण कुटपिटमा संलग्न अभियुक्तहरू फरार भएका पीडित पक्षको आरोप छ।

## चोरीको मोटरसाइकलबाट काठ तस्करी

प्रमोद यादव, पंचगावाँ, ९ कात्तिक/

पटेर्वासुगौली गाउँपालिका-५ देवरिया चोकबाट कात्तिक २ गते बिहान चोरी भएको मोटरसाइकलबाट काठ तस्करी भएको छ।



काठतस्करीमा प्रयोग भएको मोटरसाइकल। तस्वीरः प्रतीक

चोरी भएको ना.३७प १८४ नम्बरको सुपर स्प्लेन्डर मोटरसाइकलबाट काठ तस्करहरूले नम्बर प्लेट बदलेर ना.४६प ३८९७ नम्बर लगाएर काठ तस्करी गरेको सबडिभिजन वन कार्यालय, रङपुरटाँडीका कर्मचारीले बताए।

कात्तिक ४ गते राति ८ बजे पटेर्वासुगौली गापा-२ बैजनाथपुरबाट बरामद भएको चोरीको मोटरसाइकलमा डेढ क्युफिट काठ बरामद भएको थियो।

तस्कर भने वन सुरक्षाकर्मीलाई हेरेपछि फरार भएको रङ्गपुरटाँडी वन कार्यालयले जनाएको छ।

काठ तस्कर पटेर्वासुगौली गापा-१ महेन्द्रपुरका रहेको वन कर्मचारीले बताएका छन्।

यस विषयमा रेन्जर कपिलदेव यादवले काठ तस्कर पक्राउ परेमा उनीमाथि काठ तस्करी र मोटरसाइकल चोरीको मुद्दा चल्ने बताएका छन्।

## जङ्गली हात्तीले गर्‍यो धानबाली नष्ट

प्रस, परवानीपुर, ९ कात्तिक/

पर्सा राष्ट्रिय निकुञ्जबाट आएको जङ्गली हात्तीले पर्साको उत्तरी भेगमा लगाइएको धानबाली नष्ट गरेको छ।

पटेर्वासुगौली गापा-१ रामभौरीभाठाका करीब आधा दर्जन किसानका धानबाली नष्ट गर्नुका साथै एकजना किसानको कुखुरा फार्मको दाना पनि खाएको प्रत्यक्षदर्शीहरूले बताएका छन्।




कैलाश भर, इदु अन्सारी, सतार अन्सारी, लतिफ अन्सारीका धानबाली नष्ट गर्नुका साथै सलीम अन्सारीको कुखुरा फार्म तोडफोड गरी हात्तीले दाना खाएको गाउँलेहरूले बताए। बिहान ११ बजे निकुञ्जबाट आएको हात्तीले गाउँमा क्षति गरिरहेको गाउँलेले थाहा पाएपछि पटाका पड्काएर र गुलेली हानेर हात्तीलाई धपाएका थिए।

## सर्पदंशबाट विश्रामपुरमा वृद्धको मृत्यु

प्रस, परवानीपुर, ९ कात्तिक/

सर्पदंशबाट पर्सामा एकजना वृद्धको मृत्यु भएको छ। मृत्यु हुनेमा बहुदरमाई नगरपालिका-९ विश्रामपुर बस्ने ७५ वर्षीय दरोगा राउत कुर्मी रहेका छन्।

गत अष्टमीको राति १२:३० बजे उपचारको क्रममा नारायणी अस्पताल वीरगंजमा उनको मृत्यु भएको थियो। सोही राति ८:३० बजे छिमेकी रमेश कलवारको घरमा निस्केको सर्पलाई समात्न जाँदा सर्पले उनलाई टोकेको थियो। कुर्मी गरुड वर्ण भएको भन्दै यसअघि पनि घरमा निस्किने सर्पलाई समातेर बाहिर फाल्ने गर्थे।

सर्प निस्किएको थाहा पाएपछि कलवार परिवारले उनलाई बताएपछि सर्प समात्न खोज्दा उनको बायाँ हातमा सर्प बेरिएर बसेको थियो। सार्वजनिक बिदाका कारण राति उनलाई अस्पताल ल्याउन ढिला भएको र अस्पतालमा उपचारको क्रममा उनको मृत्यु भएको परिवारजनले बताएका छन्।


शोकमग्न कुर्मी परिवार। तस्वीरः प्रतीक

उनको मृत्यु भएपछि वडाध्यक्ष एवं नगरप्रमुखले बेवास्ता गरेको आरोप लगाइएको छ। निकै गरीब परिवारका कुर्मीका दुईजना छोरा र पत्नी छन्। उनको ११ धुर जग्गाबाहेक अरू केही नहुँदा उनको काजक्रिया गर्न पनि समस्या भएको छ।

## विचारसार र सूक्तिहरू

**जिन्दगीको यात्रामा एउटा कुरा सिक्नुपर्छ, सहारा कोही कसैले मात्र दिन्छ तर धक्का दिन हरेक व्यक्ति तयार रहन्छन्।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# साहसी पिता

**हाम्रो मुलुक नेपालमा वार्षिक करीब अढाई हजार महिलाले आत्महत्या गर्छन्। अर्थात् हरेक दिन सातजना महिलाले आत्महत्या गरिरहेका हुन्छन्। महिलाहरूमा हुने आत्महत्याको मुख्य कारण घरेलु हिंसा भनिएको छ। अविवाहितभन्दा विवाहित महिलाको सङ्ख्या अत्यधिक छ। वार्षिक आत्महत्या गर्नेमध्ये करीब ९० प्रतिशत विवाहिता छन्। नवविवाहित युवती साथै सन्तान जन्मिसकेका, बालबच्चा हुर्किसकेका महिलाहरूसमेत घरेलु हिंसामा पर्ने गरेको तथ्याङ्क प्रहरी अनुसन्धानबाट खुलेको छ। बालविवाह, अनमेल विवाह, अन्तरजातीय विवाह, दाइजो, शिक्षाको कमी, छोराछोरीमा विभेद, पति तथा घरपरिवारमा जाँडरक्सी, धूमपान वा मद्यपानको सेवन, आँखा लगाउने र लाञ्छना लगाउने सङ्कीर्ण सोचलगायतका कारण महिलामाथि घरेलु हिंसा हुने गरेका छन्। घरेलु हिंसाका कारण महिलाले आत्महत्या गरेका घटना विश्वका सबै मुलुकमा हुन्छन्। यसमा पनि विशेषगरी हाम्रो मुलुक नेपाल र हाम्रो छिमेकी मुलुक भारतको परिवेश झन्डै एकै प्रकृतिको छ। केही पहिले भारतको नेशनल क्राइम रेकड्र्स ब्युरो (एनसिआरबी)ले सार्वजनिक गरेको तथ्याङ्क अनुसार त्यहाँ वार्षिक सरदर २२ हजार ३७२ जनाभन्दा धेरै गृहिणीले आत्महत्या गर्छन्। उक्त तथ्याङ्क दैनिक औसतमा ६१ जना वा प्रत्येक २५ मिनेटमा एकजना गृहिणीले आत्महत्या गरिरहेको देखाउँछ।**

**महिलाहरूलाई आत्महत्या गर्न बाध्य पार्ने मुख्य कारण घरेलु हिंसा रहेको मानसिक स्वास्थ्यविज्ञहरूको निष्कर्ष छ। अधिकांश आत्महत्या पारिवारिक समस्या वा विवाहसम्बन्धी विषयसँग जोडिने गरेका छन्। हालै गरिएको अर्को एक सर्भेमा ३० प्रतिशत महिलाले पतिबाट चरम हिंसा खेप्नुपरिरहेको बताएका थिए। उनीहरूले माइतीले विवाह गरेर अर्काको हातमा सुम्पिसकेको कारण माइतीघरमा आफूहरूको स्थान नरहेको र पतिको घर गरेर खान सक्ने अवस्था पनि नरहेको भन्दै आत्महत्याको बाटो रोज्न चाहेको बताएका थिए।**

**धेरैजसो महिला कानूनले तोकेको उमेर पुग्दानपुग्दै विवाह गर्छन्। उनीहरू बुहारी र पत्नी बनेर घरमा खाना पकाउने, सरसफाइ गर्ने, घाँस-दाउरा गर्ने, घरपालुवा जनावरको हेरचाह गर्ने, आफूभन्दा ठूलो साइनोमा पर्ने परिवारका सदस्यको सेवा, सत्कार गर्ने, आफूभन्दा सानाको सुसारेको भूमिका निर्वाह गर्ने गर्छन्। फेरि उनीहरूमाथि नै अनेकथरी प्रतिबन्ध लगाइन्छ। पढेलेखेकै बुहारी भएपनि घरपरिवारले नोकरी वा व्यापार, व्यवसायको अनुमति नदिएसम्म आर्थिक अधिकारबाट वञ्चित रहनुपर्छ। विवाह गरेपछि उनीहरूको पढ्ने सपनाको कुनै अर्थ रहँदैन, विवाहपूर्व आफ्नो जिन्दगीका बारेमा देखेका मीठा सपनाहरूले नै उनीहरूलाई गिज्याउन थाल्छन्। कुनै पनि छोरीचेलीका लागि उसको भावनालाई बुझ्ने घरपरिवार परेन भने उसको जिन्दगी अर्काको निर्देशनमा चल्नुपर्ने एउटा निर्देशन पालकको रूपमा परिणत हुन्छ। यसले बिस्तारै निराशा छाउँछ र आफ्नो अस्तित्व नै यातना बन्न थाल्छ। यो अवस्थामा माइती पक्षले पनि बेवास्ता गऱ्यो र पुनर्स्थापनाको पहल भएन भने आत्महत्याको बाटो रोज्न बाध्य हुन्छन्। यस सन्दर्भमा हालै भारत झारखण्डको एक पिताले समाजको लागि उदाहरणीय कार्य गरेका छन्। साहसी पिता प्रेम गुप्ताले आफ्नी विवाहिता छोरीलाई ससुरालीमा भएको हिंसा तथा दुर्व्यवहारबारे थाहा पाएपछि ब्यान्ड बाजा, आतिशबाजीसहित लावालस्कर लिएर ज्वाइँको घर पुगी छोरीलाई माइतीमा फिर्ता ल्याए। उनले ज्वाइँविरुद्ध अदालतमा मुद्दा पनि दायर गरेका छन्। छोरीचेलीको आत्महत्या रोक्ने नै हो भने हरेक पिता प्रेम गुप्ता बन्न सक्नुपर्छ।**

# राष्ट्र-राज्य बहसको सान्दर्भिकता

स्वतन्त्र विचार



**श्रीमन्नारायण**

an_shriman@yahoo.com

**विश्वकै प्राचीनतम ग्रन्थ वेदमा इन्द्रले वरुणलाई भनेका छन्, यो विशाल इन्द्रलोकरूपी राष्ट्रले सबैलाई प्रसन्नता दिने गर्छ 'वृहत् राष्ट्र द्यौ इन्वति।' वरुण राष्ट्रका राजा हुन्। इन्द्रले वरुणलाई भनेका छन्, तिमीले मेरो राष्ट्रको अधिपत्य स्वीकार गर्नुपर्छ।**

राज्यका लागि सार्वभौमसत्ता आवश्यक छ तर राष्ट्र मनोभावना हो। यस्तो भावना धर्म, भाषा, भौगोलिक एवं सांस्कृतिक एकताद्वारा विकसित हुन्छ। राज्य बन्नका लागि सरकार आवश्यक छ तर राष्ट्र भनेको सरकार र राज्यभन्दा माथिको विषय हो। राष्ट्रियताको अवधारणामा निर्जीव वस्तुहरूको महत्त्व ठान्नेहरू तानाशाह प्रवृत्तिका हुन्छन्। मानिसको विकाससँगै सजीव तथा मानवीय पक्षहरूलाई राष्ट्रियताको बलियो आधार मान्ने अवधारणा निकै अघि नै विकसित भइसकेको हो। विविधतालाई राष्ट्रिय एकतामा रूपान्तरण गर्न सकिएमा मात्रै राष्ट्रनिर्माण कार्यले मूर्त रूप लिन सक्छ।

नेपालको संविधान, २०७२ मा जसरी राष्ट्रको परिभाषा गरिएको छ, त्यही अनुसार नै यदि राज्यको निर्माण हुन्छ भने नेपाली राष्ट्रियता पनि बलियो र विश्वकै निम्ति उदाहरणीय बन्ने निश्चित छ। अहिलेसम्म हामीले राष्ट्रवादलाई व्यक्तिगत, समूहगत वा दलगत लाभको आधारमा प्रयोग गरेका छौं तर यसलाई बलियो बनाउने काम गरेनौं। माओवादीहरूको एक दशकको सशस्त्र सङ्घर्षले राष्ट्रवादको परिभाषामा केही परिवर्तन ल्याएको छ। र साबित गर्ने प्रयास गरेको छ कि नेपालमा जातीय राष्ट्रवाद अर्थात् सामुदायिक राष्ट्रवादको निम्ति नेपाली जनता सङ्घर्ष गर्न तयार छ। जातीय राष्ट्रवाद आफ्नो पहिचान भाषा, संस्कृति, भौगोलिक एवं ऐतिहासिक विशिष्टतामा तथा समान मनोविज्ञानका कारण राष्ट्र तथा परम्परा एवं परिस्थितिजन्य भावनात्मकरूपबाट बाँधिएको हुन्छ।

राष्ट्र सर्वोपरि निष्ठा हो। जनताको सामूहिक अनुभूति हो। यस अनुभूतिको मूल आधार मातृभूमि र आपसी प्रेम, सद्भाव, सहिष्णुता र परस्पर सहयोगको भावना एवं धर्म तथा संस्कृति हो। यस सहज अनुभूतिको अभिव्यक्ति नै राष्ट्रवाद हो। राष्ट्रियता एक संवेदनशील निजी र सामूहिक भावना हो। जसले निश्चित भूभागमा रहेका विभिन्न समुदायको देशप्रति एकीकृत सद्भावना र गौरव व्यक्त गर्छ। राष्ट्रवाद नै राष्ट्रियता भएकोले हाम्रोजस्तो विविधताले भरिएको देशमा राष्ट्रवादको परिभाषा पनि सोहीअनुरूपको हुनु आवश्यक छ। अतीत र वर्तमानको वास्तविकता तथा भविष्यको आकाङ्क्षाका लागि सर्वनिष्ठ सरकार, सदस्यहरूमा परस्पर सम्पर्क, साझा स्वार्थ, राष्ट्रको छविको बारेमा सदस्यहरूको मनमा समवेत भाव नै राष्ट्रवाद हो। घृणा, द्वेष, पूर्वाग्रह एवं प्रतिशोधमा आधारित नकारात्मक भाव कमजोर राष्ट्रवादको परिचायक हो। राष्ट्रियता बलियो हुन राष्ट्र बलियो हुनु आवश्यक छ। राज्य बलियो भएमा राष्ट्र पनि बलियो हुन्छ भन्ने तर्क अब अप्रसाङ्गिक भएको छ। २१औं शताब्दीमा मात्रै होइन, त्यसभन्दा निकै अघिदेखि नै राष्ट्रको परिभाषामा परिवर्तन आइसकेको छ।

स्व बिपी कोइरालाले भनेका थिए, "राष्ट्र भनेको कुनै भूगोलको ढुङ्गा, माटो, खोलानाला र साँध-सिमाना मात्रै होइन, त्यहाँ बस्ने जनताको सभ्यता, संस्कृति र मनोभाव पनि हो। नेपाल राष्ट्र र नेपाली राष्ट्रियताको परिभाषा राजनीतिक विज्ञानसम्मत नहुन्जेलसम्म यसको मनोगत विश्लेषण तथा राजनीतिक दलहरूले आफ्ना पार्टी कार्यालयबाट राष्ट्रवादी र राष्ट्रघातीको प्रमाणपत्र बाँड्ने काम भइ नै रहनेछ। राष्ट्रवाद र राष्ट्रभक्तिमा भिन्नता छ। भक्ति आस्तिक भावना हो। राष्ट्रभक्ति नास्तिक भावना हो। जबकि 'वाद' वैचारिक निष्ठा हो। राष्ट्र सर्वोपरिताको निष्ठा नै राष्ट्रभक्ति हो।" डा राममनोहर लोहियाले सगुण-निर्गुणको विश्लेषण गरेका थिए। आफ्नो देशलाई आमाको रूपमा हेर्नु सगुण हो, जबकि आफ्नो देशलाई निराकार अनुभूति गर्नु निर्गुण हो। दुवैको केन्द्र निष्ठा हो।

सकारात्मक राष्ट्रियता सहयोग र समझदारीमा आधारित हुने भएकाले यसमा अतिरञ्जना कम हुने गर्छ। यसमा आपसी विश्वासको सम्भावना बढी रहन्छ। सकारात्मक राष्ट्रियताको प्रवर्द्धनका लागि राष्ट्र बलियो हुने आधार खोजिनु आवश्यक छ। त्यो भनेको देशको चौतर्फी विकास हो, जुन समावेशी हुन्छ। यसमा आर्थिक पूर्वाधारका सबै पक्ष मानवीय विकास जस अन्तर्गत गुणात्मक शिक्षामा सबै वर्ग र जातिको समान पहुँच, आधारभूत आवश्यकता, गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा समाहित हुन्छन्। यस्ता आवश्यकताको न्यायपूर्ण वितरण र उपभोगका लागि राज्यका विभिन्न संरचनामा त्यही अनुसारको समानुपातिक प्रतिनिधित्व गराइनुपर्छ। यदि जनता नै राष्ट्र हो भने लोकतन्त्रको सन्दर्भ पनि जनतासितै जोडिनुपर्छ। नकारात्मक राष्ट्रियताले अरूप्रति घृणा र द्वेषको भावना जगाउँदा सधैं लघुताभाषले ग्रसित भएको पाइन्छ। हामीले हाम्रा छिमेकीप्रति व्यक्त विचार, पूर्वाग्रह र अतिरञ्जना यसका लक्षण हुन्। नकारात्मक राष्ट्रियताले अरूको सबै कुरामा अनिष्ट मात्रै हेर्ने मानसिकता विकसित गर्छ र अन्ततः आफ्नै हानि हुने गर्छ।

मार्क्स र एन्जेलले कामदारहरूको कुनै देश हुँदैन, हामी तिनीहरूबाट त्यो कुरा लिन सक्दैनौं, जुन कुरा उनीहरूले प्राप्त नै गरेका छैनन्, भनेका छन्। उनीहरूले सर्वहारा वर्गलाई राष्ट्रको रूपमा उभ्याउन अपील गरेका थिए। लेनिनले पनि यसैसित मिल्दोजुल्दोरूपमा राष्ट्रको परिभाषा दिएका छन्। नेपालमा पञ्चायती शासनदेखि लिएर आजसम्म व्यक्तिगत, समूहगत वा दलगत लाभका आधारमा राष्ट्रवादको नारालाई परिभाषित गर्ने काम हुँदै आएको छ।

सनातन धर्ममा विश्वास राख्नेहरूको 'राष्ट्रवाद' व्यापक, सहिष्णु र उदार भएको पाइन्छ। हाम्रा धर्मशास्त्रहरूमा वर्णित गाथा यसका उदाहरण हुन्। सनातन धर्ममा विश्वास राख्नेहरूको राष्ट्रवाद र युरोपेली राष्ट्रवादमा फरक रहेको पाइन्छ।

युरोपका देशहरू आधुनिककालमा 'नेशन' कहलिन थाले। भारतवर्षमा मध्यमकालभन्दा पनि निकै अघि इशापूर्व २९८-३२१ चन्द्रगुप्त मौर्यको समयमा एउटा विशाल केन्द्रीय सत्तामा राष्ट्रको चर्चा छ। सम्राट अशोकको शासनकालमा राष्ट्र अझ विस्तृत हुन गयो। युरोपेली राष्ट्रवादको उदय नवौं-दशौं शताब्दीमा भएको थियो। इङ्ग्ल्यान्ड एकीकरणको प्रक्रिया किङ एडवर्ड (८०२-८३९)देखि किङ अल्फ्रेड (८७१-९१६)सम्म जारी रह्यो। फ्रान्स र जर्मनीमा पनि यही अवस्था थियो। युरोपेली राष्ट्रवादको विकास सत्ताधारी दलहरूले गरेका थिए। मध्यकालमा इटलीका जनताले तत्कालीन समयलाई 'ला रिना स्विता' (पुनर्जागरण) भन्यो। १८औं शताब्दीमा फ्रान्सका विद्वान्हरूले यसलाई 'रिनेसो' भनेका थिए। भारतका मार्क्सवादी विचारका डा रामविलास शर्माले यसलाई वास्तवमा यो इटली, फ्रान्स र इङ्ग्ल्यान्डको निम्ति 'जाति निर्माण' र 'जातीय निर्माण'को युगको संज्ञा दिएका थिए। युरोपेली देशमा सत्ताधारी दलहरूले विस्तारवादको नीति अवलम्बन गरे। जर्मनीका शासक हिटलरले राष्ट्रवादकै नाममा व्यापक हिंसा गरे। युरोपका प्रायः सबैजसो शासकहरूले हिंसाकै सहारा लिए। फ्रान्स रोमन साम्राज्यवादबाट पीडित थियो। भाषा र सभ्यताको आधारमा एउटा सम्झौता भयो। त्यति बेलादेखि नै फ्रान्स राष्ट्र भयो। युरोपमा राष्ट्रवादको निम्ति युद्ध भयो तर यस्तो हिंसा भारतवर्षमा भएको पाइँदैन।

महात्मा गाँधीले आफ्नो पुस्तक 'हिन्द स्वराज'मा टिप्पणी गरेका छन् कि 'जतिबेला अङ्ग्रेज भारतमा आएका थिएनन्, त्यति बेला पनि भारत एउटा राष्ट्र नै थियो। हाम्रो विचार एक थियो। त्यही भएर अङ्ग्रेजहरूले राज्य कायम गरे। मार्क्सवादी विद्वान् डिडी कौशाम्बीले मोहम्मद बिन कासिम भारतमा आउनुभन्दा पूर्व नै भारत एउटा राष्ट्र थियो, होइन भने भारतको इतिहासमा पनि विजेताहरूकै गाथा र शासन सत्ताको वर्णन गरिएको हुने थियो। प्राचीन भारतको संस्कृति र सभ्यतामा विविधता पनि थियो तर राष्ट्रप्रेम पनि गज्जबको थियो। भारतीय राष्ट्रवादको इतिहासमा बल प्रयोग नभएको उनले उल्लेख गरेका छन्। कौशाम्बीले यस तथ्यको बारेमा अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषण गर्दै लेखेका छन्, "चीनको उन्नति त्यति बेला मात्रै भयो, जब पूरा देशमा हान जातिको प्रभुत्व स्थापित भयो। एक समृद्ध साम्राज्यको बीजारोपण भयो। स्पेनिश विजयपश्चात् मात्रै ईंकार अर्जंटेकोहरूको लोप भयो। मेक्सिको, पेरू र ल्याटिन अमेरिकीहरूको संस्कृति सर्वसाधारण युरोपेली हो। तिनीहरूको विशुद्ध आफ्नो होइन। भूमध्य सागर क्षेत्रमा विजय हासिल गरेपछि मात्रै रोमनहरूले विश्व संस्कृतिमाथि आफ्नो छाप छोडेका हुन्। युरोपेली राष्ट्रवादको इतिहास अवश्य नै आक्रामकताले भरिएको छ। सम्भवतः यसैबाट रिसाएर प्रख्यात विद्वान् सैमुअल जोनसनले राष्ट्रवाद तथा राष्ट्रभक्तिलाई अपराधी तथा मूर्खहरूको अन्तिम शरणस्थलीको संज्ञा दिएका थिए।

विश्वकै प्राचीनतम ग्रन्थ वेदमा इन्द्रले वरुणलाई भनेका छन्, यो विशाल इन्द्रलोकरूपी राष्ट्रले सबैलाई प्रसन्नता दिने गर्छ 'वृहत् राष्ट्र द्यौ इन्वति।' वरुण राष्ट्रका राजा हुन्। इन्द्रले वरुणलाई भनेका छन्, तिमीले मेरो राष्ट्रको अधिपत्य स्वीकार गर्नुपर्छ। एउटा स्तुति नै छ- 'राष्ट्रं ध्रुवं धारयतां।' इन्द्र र अग्नि देवताले राष्ट्र स्थिरता धारण गरून्। यहाँ इन्द्र, वरुण आदि देव नाम हुन्। तर 'राष्ट्र' प्राचीनताको धारणा सत्य हो। लोककल्याणको भावना लिएर ऋषिमुनिहरूले तपस्या गरे। त्यसबाट राष्ट्रको जन्म भयो। यस राष्ट्रवादले सम्पूर्ण विश्वलाई नै एउटा परिवार ठान्छ। सनातन धर्मको मान्यता अनुसार पृथ्वीदेखि लिएर अन्तरिक्षसम्म शान्तिको चाहना र कामना नै राष्ट्रवाद हो। सनातन धर्मका अनुयायीहरूले कहिल्यै आफ्नो राज्य क्षेत्रको अथवा धर्म-संस्कृतिको विस्तारको निम्ति हत्या, हिंसा तथा आक्रामकताको सहारा लिएनन्। हिन्दू, धर्म-संस्कृतिमा सङ्कीर्णता छैन। यसमा उदारता र व्यापकता छ। शायद त्यही भएर होला भारतमा सैकडौं वर्षसम्म मुगल र अङ्ग्रेजहरूको शासनका बावजूद हिन्दू धर्म-संस्कृति आज पनि विश्वव्यापी चर्चा र आकर्षणको केन्द्र बनेको छ। राष्ट्रवादको नारा दिने नेता अथवा शासकहरूले सधैं यसको निम्ति आफ्नो शत्रु राष्ट्र अथवा विरोधीको पहिचान पनि गरेका हुन्छन्। किनभने कुनै विरोधी नै नभई यो नारा फलीभूत हुनै सक्दैन। नेपालमा बहुल-राष्ट्र राज्यको कुरा गर्ने र घृणा एवं द्वेषमा आधारित राष्ट्रवादको चर्को नारा लगाउने दुवैथरी अतिवादी सोचका प्रतिनिधि पात्र हुन् र यसको निन्दा हुनुपर्छ। राष्ट्रियताको परिभाषा समयसापेक्ष हुनु आवश्यक छ।

# राजनीतिक र महँगो दशैं

मन्तव्य



**कुमारबन्धु रुपाखेती**

**सडक गल्ली जाम गरेर, जथाभावी चन्दा उठाएर माटोको दुर्गाको मूर्ति बनाएर पूजापाठ गर्ने गराउनेहरूले दुर्गापाठको सट्टा डिस्को बजाएर सबैलाई अचम्भित पारे। दुर्भाग्य यो बडादशैं केही वडाध्यक्षको हकमा नराम्रो देखियो, कुटाइ खाए।**

आम नेपालीले यसपटकको बडादशैं येनकेन प्रकरेण झेले। महँगीले गर्दा जीवन धान्न धौधौ परेको बेला दशैंको आगमनले धेरैलाई ऋणी बनायो। वीरगंजको अष्टमी मेलामा समेत यसपालि विगतझैं तामझाम देखिएन। बलिप्रथाको विरोध भएपनि बलि दिने क्रममा ऱ्हास आएको देखिएन। अष्टमी मेलामा अस्थायी पसल थाप्नेहरूको समेत बिजोग देखियो। मेलापातमा गहना तान्ने चोरहरूको विगतको अचाक्ली सम्झिएर श्रद्धालु गृहिणीहरूले गहनाविहीन भएर गहवामाईको मेला भरे। पारिपट्टिबाट पाकेटमार र रोगी भीखमाग्नेहरू सरोबर आएका थिए। मितेरीपुलमा रहेको फ्रन्टलाइन चेकपोस्टले पर्स (मनिब्याग)समेत चेक गऱ्यो। मेला भर्न आउनेलाई निश्शुल्क खाजा खुवाउने प्रचलनमा यसपटक कमी आएको देखियो।

अस्थायी पसलेहरूले जथाभावी दिसापिसाब गरेर मुख्य सडकलाई दुर्गन्धित बनाए। लुगालत्ता हाम्रो वीरगंजतिरभन्दा पारिपट्टि निकै खरीद-बिक्री भए। नेपालीहरूको रक्सौलप्रेमले गर्दा रक्सौल क्षेत्र खचाखच र झकास देखिन्थ्यो तर हाम्रा व्यापारीहरू पुर्पुरोमा हात राखेर झक मारेका देखिन्थ्ये। दशैंको उपलक्ष्यमा सीमाबाट खूबै दुई नम्बरी सामान ओसारपोसार भएछ। दशैंको अवसरमा यसपटक छुट, विशेष छुट दिने होडबाजी देखिएन। मेलाको अवसरमा कमसल र मिलावटी सामान खूबै खप्यो। मासुपसलहरूको त रामराज्य नै थियो। बकरी, काइ सबै खप्यो। मदिरालयहरूले समेत जमेर दशैं मनाए। पियक्कडहरूले सान सौकत प्रदर्शन गर्दै रेस्टुरेन्टमा नै भोजभतेर गरे।

दशैं यसपालि जनतालाई होइन नेताहरूलाई लागेको पाइयो। पर्साका केही नेताहरूले आसेपासे र झोलेहरूको स्वागतार्थ खसी, बोका ढालेरै मस्ती गरे।

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## नेपालका कम्युनिस्टहरूलाई एक प्रश्न

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**वर्तमानको कुरा गर्ने हो भने जनता थाकिसकेको छ। नेपालका कम्युनिस्ट नेताहरूको व्यवहार देखेर निराश भएको छ। कम्युनिस्ट नेताहरूलाई प्रश्न गर्ने जाँगर पनि अहिले नेपाली जनतामा छैन। तर जनताले नेपालका कम्युनिस्टहरूसँग प्रश्न त गर्नैपर्छ। सोध्नैपर्छ– नेपालको आर्थिक विकास किन भएन ?**

नेपालका कम्युनिस्टहरूलाई एक प्रश्नः नेपालको आर्थिक विकास किन भएन ? हुनत यो प्रश्न नेपाली काङ्ग्रेसलाई पनि सोध्न सकिन्छ। तर उपयुक्त भने कम्युनिस्टहरूलाई सोध्नुहुन्छ। काङ्ग्रेसीहरूले आफ्नो लक्ष्य, उद्देश्य र सिद्धान्तमा गरीबी निवारणलाई एक नम्बरमा राखेका छैनन्। देशको आर्थिक विकासलाई एक नम्बरमा राखेका छैनन्।

नेपाली काङ्ग्रेसले आफ्नो लक्ष्य, उद्देश्य र सिद्धान्तको रूपमा प्रजातन्त्रलाई एक नम्बरमा राखेको छ। स्वतन्त्र राजनीति र स्वतन्त्र समाजलाई राखेको छ। तर कम्युनिस्टहरूले आर्थिक विकास र गरीबी निवारणलाई आफ्नो प्रमुख उद्देश्यको रूपमा राखेका छन्। दलाल पूँजीपतिहरूको हातबाट अर्थव्यवस्थालाई मुक्त गर्ने। राजनीति व्यवस्थामाथि सर्वहाराहरूको स्वामित्व स्थापित गर्ने। पूँजीवादको अन्त्य गरेर सर्वहाराहरूको नेतृत्वमा, एकदलीय शासन व्यवस्था कायम गर्ने। र यी सबै कार्य गरेर देशको आर्थिक विकास गर्ने। कम्युनिस्टहरूको मूलमन्त्र नै यही हो।

कम्युनिस्टहरूले गरेका अनेक सानातिना आन्दोलनहरूको उद्देश्य गरीबी निवारण नै थियो। झापाबाट भएको होस् वा नेपालका अन्य क्षेत्रहरूबाट भएको होस्, नेपालका कम्युनिस्टहरूले गरेका हरेक हिंसापूर्ण आन्दोलनको उद्देश्य गरीबी निवारण नै थियो। आर्थिक शोषणको अन्त्य थियो। आर्थिक विकास नै थियो। नेपाली इतिहासले कहिले पनि नबिर्सिने घटना, १७ हजार निर्दोष नेपालीको क्रूरतापूर्वक हत्या गर्ने माओवादी आन्दोलन, जुन पुष्पकमल दाहालको नेतृत्वमा भएको थियो, को उद्देश्य पनि गरीबी निवारण नै थियो। आर्थिक विकास नै थियो। यी सबै कुरा हुँदाहुँदै पनि, नेपालका कम्युनिस्टहरूले नेपालको आर्थिक विकास किन गर्न सकेनन् ? नेपालमा, उनीहरूको प्रयत्नमा, किन गरीबी निवारण हुन सकेन ? यी प्रश्नहरू प्रत्येक नेपालीले प्रत्येक कम्युनिस्ट पार्टी र हरेक कम्युनिस्ट नेता एवं कार्यकर्तालाई सोध्नुपर्छ।

नेपालमा अहिले जस्तो चरम निराशा, नेपालको इतिहासमा नै, कहिले भएको थिएन। यति ठूलो सङ्ख्यामा नेपालीहरू रोजगारको लागि विदेश पसेका थिएनन्। युवाहरू, जसको उमेर केवल १६ वर्ष मात्र पुगेको छ, यति ठूलो सङ्ख्यामा विदेशतिर गएको नेपालको इतिहासमा कहिले पनि देखिएको थिएन। ओठ निचोर्दा आमाको दूध आउने र आमाबुबाको काखमा खेल्नु, हुर्किनुपर्ने उमेरका नेपाली युवाहरू अहिले अध्ययनको नाममा क्यानडा, अस्ट्रेलिया, ब्रिटेन, अमेरिका पुगेका छन्। दैनिक १२ देखि २४ घण्टा अनेक स्टोरहरूमा काम गर्न बाध्य छन्। कलेज र आवास खर्च भुक्तान गर्न उनीहरूले त्यति समय काम गर्न आवश्यक हुन्छ। यी कुराहरू कल्पनाको भरमा लेखेको होइन। कसैको आलोचना गर्न लेखेको होइन। स्वयम् आफूले देखेका कुराहरू हुन्। भोलिका दिनमा राम्रो होला भनेर युवाहरू वर्तमानमा घोटिन तयार छन्।

अहिले नेपालमा गरीबी मात्र छैन, चरम निराशा छ। चरम अस्थिरता छ। यो कारणले पनि नेपालीहरू स्वदेशमा आफ्नो भविष्य असुरक्षित देखेर, अँध्यारो देखेर विदेशतिर लागिरहेका छन्। नेपालमा चरम निराशा हुनु र युवाहरूले स्वदेशमा आफ्नो भविष्य नदेख्नु देशको लागि घातक स्थिति हो। नेपालमा चरम निराशा उत्पन्न गराउनमा पनि नेपालका कम्युनिस्टहरू र सिद्धान्तका अनेक पसल थापेर बसेका कम्युनिस्ट पार्टीहरू जिम्मेवार हुन्। कसरी ? यसरी भन्ने के आधार छ ? यस्ता प्रश्नहरू आउन पनि सक्छन् ? यस्तो भन्नुको, आउनुहोस्, केही आधारहरू खोजौं।

२०४७ सालमा भएको राजनीतिक व्यवस्था परिवर्तनपछि नेपालमा २७ पटक प्रधानमन्त्रीको नियुक्ति (राजा ज्ञानेन्द्र शाहको काललाई छाडेर) भएका छन्। अर्थात् विगत मात्र ३३ वर्षमा २७ पटक प्रधानमन्त्री फेरिएका छन्। ३३ वर्षमा देशले २७ वटा प्रधानमन्त्री देख्यो। तर योभन्दा पनि यहाँ एक अर्को महत्त्वपूर्ण एवं उल्लेख्य कुरा छ। त्यो के हो भने २७ पटक प्रधानमन्त्री फेरिंदा नौपटक केवल कम्युनिस्टहरू मात्र प्रधानमन्त्री भएका छन्। मनमोहन अधिकारी, पुष्पकमल दाहाल, माधवकुमार नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई, केपी शर्मा ओली, सबै अनेक किसिमका कम्युनिस्ट पार्टीका तर कम्युनिस्ट पार्टीका नै नेता हुन्। मनमोहन अधिकारी एकपटक, पुष्पकमल दाहाल तीनपटक, माधवकुमार नेपाल एकपटक, झलनाथ खनाल एकपटक, बाबुराम भट्टराई एकपटक र केपी शर्मा ओली दुईपटक प्रधानमन्त्री भएका छन्। मनमोहन अधिकारी २८६ दिन, पुष्पकमल दाहाल ८९० दिन, माधवकुमार नेपाल एक वर्ष २५७ दिन, झलनाथ खनाल २०४ दिन, बाबुराम भट्टराई एक वर्ष १९७ दिन तथा केपी शर्मा ओली चार वर्ष १९ दिन नेपालको प्रधानमन्त्री भएका देखिन्छन्।

नेपालको सर्वोच्च शासन व्यवस्थामा कम्युनिस्ट नेताहरू धेरैपटक पुगे तापनि नेपालमा किन आर्थिक विकास भएन ? केपी शर्मा ओली र पुष्पकमल दाहाल पटकपटक नेपालको सर्वोच्च शासन व्यवस्थामा पुगे तापनि किन नेपालको आर्थिक विकास हुन सकेन ? माथि उपलब्ध तथ्याङ्कहरूको अध्ययन एवं विश्लेषण गर्दा नेपालको राजनीति एवं शासन व्यवस्थामा कम्युनिस्टहरूको बलियो प्रभाव रहेको देखिन्छ। यति हुँदाहुँदै पनि किन कम्युनिस्ट पार्टी र यिनका नेताहरूबाट देशको आर्थिक विकास हुन सकेन ? यो प्रश्न प्रत्येक नेपालीले स्वयम् आफूसँग त्यसपछि कम्युनिस्ट नेताहरूसँग सोध्न आवश्यक छ।

जनतालाई कम्युनिस्टहरूले देखाउने मिठाइ (सर्वोच्च शासन व्यवस्थामा सर्वहाराहरूको नियन्त्रण एवं गरीबी निवारण) साँच्चीकै गुलियो छ कि छैन ? यो प्रश्न घरीघरी मतदाताहरूले मतदान गर्नुपूर्व आफैंसँग गर्न आवश्यक छ। सर्वोच्च शासन व्यवस्थामा सर्वहाराहरूको नियन्त्रण हुनु भनेको के एउटै व्यक्ति सदासर्वदा शक्ति र पदमा रहनु हो ? पुष्पकमल दाहाल नेकपा माओवादीका सर्वकालीन अध्यक्ष हुन्। उनी आजीवन अध्यक्ष हुने दाउमा छन्। यसैगरी, पुष्पकमल दाहाल तीनपटक नेपालको प्रम पनि भइसकेका छन्। पाए भने, अझै, शेरबहादुर देउवाजस्तो पटकपटक नेपालको प्रम हुने दाउमा छन्, पुष्पकमल दाहाल।

शक्ति र सत्ता केवल आफ्नो र परिवारको लागि प्रयोग गर्ने प्रवृत्तिका कम्युनिस्ट नेताहरूबाट नेपालको आर्थिक विकास सम्भव छैन। नेपालमा कम्युनिस्ट पार्टीको कुनै आचौत्य पनि छैन। यदि औचित्य हुँदो हो त यतिपटक कम्युनिस्ट नेताहरू नेपालको प्रम हुँदा नेपाल धनी देश हुनुपर्थ्यो।

आर्थिक विकासको इतिहास हेर्दा कुनै पनि देशमा कम्युनिस्टहरूद्वारा देशको आर्थिक विकास भएको देखिंदैन। कसैले त चीनमा साम्यवाद छ, त्यहाँ त आर्थिक विकास भएको छ भन्न सक्छ। तर चीनको अर्थव्यवस्था पूँजीवादमा अडेको छ। चीनको राजनीतिक व्यवस्था कम्युनिस्ट होइन, एकतन्त्रीय व्यवस्था हो। केही सीमित व्यक्तिहरूको हातमा रहेको शासन व्यवस्था हो। चीनमा कम्युनिस्टहरूको दर्शन एवं सिद्धान्तअनुरूपको कम्युनिज्म छैन।

नेपालमा, अर्कोतिर भने, नेपालको कुल जनसङ्ख्याको ठूलो भागले कम्युनिस्टहरूलाई आफ्नो भाग्यविधाता देख्छ। मुक्तिदाता देख्छ। गरीबीबाट मुक्ति दिलाउने देख्छ। मुक्तिदाता र भाग्यविधाता देखेको हुनाले नै कुनै समयमा, आफ्नो जीउज्यानको चिन्ता नगरी लाखौं व्यक्ति पुष्पकमल दाहालले २०५२ सालमा आरम्भ गरेको तथाकथित जनयुद्ध (पछि धनयुद्धमा रूपान्तरित भयो) मा लागेका थिए। हजारौंले जीवन उत्सर्ग गरेका थिए।

गरीब जनताले कम्युनिस्ट नेताहरूबाट मोह भङ्ग गर्न अब ढिलो गर्नुहुँदैन। यी नेताहरूले नेपालीहरूको गरीबीको केवल उपयोग गरेका छन्। यस कुराको ज्वलन्त उदाहरण हो, माओवादीले २०५२ सालमा आरम्भ गरेको तथाकथित जनयुद्ध। नेपालमा ठूलो परिवर्तन गर्ने भनेर हिंडेका माओवादी नेताहरूले देशमा त केही परिवर्तन गर्न सकेनन् तर आफूमा भने ठूलो परिवर्तन ल्याए। रोडपतिहरू अहिले करोडपति भए। जनता त्यहीं छ, व्यवस्था त्यहीं छ, देशको आर्थिक अवस्था त्यहीं छ, उल्टो खस्केको छ, केही परिवर्तन भएको छैन। परिवर्तन भएको छ भने माओवादीका गरीब नेताहरू करोडपति भएका छन्। केही नेताहरू सदासर्वदा सत्ता र शक्तिमा रहन सफल भएका छन्।

नेपाली काङ्ग्रेसलाई अहिले आम जनताले धनीहरूको दल रूपमा देखेको छ। यसका नेताहरूलाई सुविधाभोगीको रूपमा अनुभूत गरेको छ। जनताको यो धारणा परिवर्तन गर्न र नेपाली काङ्ग्रेस प्रजातन्त्र र आर्थिक समृद्धिको लागि निरन्तर क्रियाशील रहने दल हो भनी आम जनतालाई अनुभव गराउन नेपाली काङ्ग्रेसले के गर्ने होला। यसका प्रभावशाली नेताहरू शेरबहादुर देउवा, गगन थापा, विश्वप्रकाश शर्मा आदिले के गर्ने होला। यी कुरा ती नेताहरूलाई नै थाहा होला।

वर्तमानको कुरा गर्ने हो भने जनता थाकिसकेको छ। नेपालका कम्युनिस्ट नेताहरूको व्यवहार देखेर निराश भएको छ। कम्युनिस्ट नेताहरूलाई प्रश्न गर्ने जाँगर पनि अहिले नेपाली जनतामा छैन। तर जनताले नेपालका कम्युनिस्टहरूसँग प्रश्न त गर्नैपर्छ। सोध्नैपर्छ– नेपालको आर्थिक विकास किन भएन ?



कालिकामाई गाउँपालिकाको बिरञ्चीबर्वामा लागेको भवानी मेला। यो मेला विजयादशमीदेखि पाँच दिनसम्म लाग्ने यस मेलामा माछामासुको निकै बिक्री हुने गर्छ। तस्वीरः राधेश्याम पटेल

## नारायणी नदीमा सञ्चालन हुन थाले मोटरबोट

भरतपुर, ९ कात्तिक/रासस




वर्षा सकिएपछि नारायणी नदीमा मोटरबोट सञ्चालन हुन थालेका छन्। बर्खायाममा पानीको बहाव बढेपछि रोकिएका मोटरबोट चाडपर्वसँगै सञ्चालन भएका हुन्।

असार, साउन र भदौ महीनामा नदीमा बाढी आउने भएकाले तीन महीना मोटरबोट बन्द हुन्छ। यस वर्ष असोज महीनामा पनि नदीमा पानीको बहाव नघटेकाले अन्तिम सातादेखि दशैंको अवसर पारेर मोटरबोट सञ्चालन गरिएको नारायणी मोटरबोट व्यवसायी सङ्घका अध्यक्ष अशेष मल्लले बताए।

पछिल्लो समय नारायणी नदीमा मोटरबोट चढेर मनोरञ्जन लिने आन्तरिक पर्यटकको भीड नै लाग्न थालेको छ। यस वर्ष मनसुनका कारण नदीमा असोज अन्तिम सातासम्म बाढी आएकोले मोटरबोट सञ्चालनमा ढिलाइ भएको र अब जेठसम्म नियमित मोटरबोट सञ्चालन हुने उनको भनाइ थियो।

बिदाका दिन मोटरबोट चढ्न आउनेको सङ्ख्या उल्लेख्य हुने गरेको छ। “अहिले दैनिक दुई हजारको हाराहारीमा मोटरबोट चढ्न नारायणी नदी किनारमा पर्यटक आउने गरेका छन्,” अध्यक्ष मल्लले भने, “दशैं र तिहारको समयमा उल्लेख्य मात्रामा पर्यटक यहाँ मनोरञ्जन लिन आउने गर्छन्।” विसं २०७६ मा एउटाबाट शुरू भएको मोटरबोट अहिले सानाठूला गरी ३२ वटा दर्ता भएर सञ्चालनमा आएका छन्। यस वर्ष १९ वटा मोटरबोटले सेवा शुरू गरिसकेकामा १४ वटा कम्पनी भरतपुर महानगरपालिकामा दर्ता छन्।

मोटरबोट कम्पनीले विभिन्न प्याकेजमा सेवा दिइरहेका छन्। नारायणी नदीको पुलदेखि मजुवा टापु पोखरा बसपार्कसम्मको दूरी, मजुवा टापु पोखरा बसपार्कदेखि गैंडाकोटको राधाकृष्ण मन्दिरसम्मको दूरी, मजुवा टापुदेखि पारिजात पार्क र नारायणी पुलदेखि देवघाटसम्मको दूरीमा मोटरबोट सञ्चालन हुने गरेका छन्। एकपटकमा ठूला मोटरबोटमा १८ देखि २५ जनासम्म यात्री अटाउँछन्।

यस्तै, साना मोटरबोटमा छदेखि १२ जनासम्म यात्री चढाउने गरिन्छ। छोटो दूरीमा प्रतिव्यक्ति रु अढाई सय र लामो दूरीमा प्रतिव्यक्ति रु डेढ हजारसम्म तोकिएको छ।

त्यहाँबाट उठेको रकमको १५ प्रतिशत कर भरतपुर महानगरपालिकाले लिने गरेको छ। नारायणीमा ४० एचपीको इन्जिनदेखि दुई सय एचपीको इन्जिनसम्मका बोट रहेको अध्यक्ष मल्लले जानकारी दिए।

नदी किनारमा घुम्न आउने अधिकांश आन्तरिक पर्यटक यहाँ जलविहार गर्न रुचाउँछन्। यो यात्रामा यात्रीले नारायणी किनारको दृश्यसँगै नगरवन, गैंडाकोट, रिभरक्विन टापु, मौलाकालिका मन्दिर, हिमशृङ्खला लगायतको दृश्यावलोकन गर्न पाउँछन्।



**आलुखेती :** काठमाडौं शङ्खरापुर नगरपालिकाको साँखुमा खेतमा किसानले व्यावसायिकरूपमा लगाएका आलुखेती। तस्बिरः हरिराम भेटुवाल/रासस

# सबल अर्थतन्त्रका लागि सूचना प्रविधि उद्योगमा लगानी बढाउ

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**यसका साथै काठमाडौं उपत्यकाबाहिरका केही शहरलाई आइटी हबका रूपमा विकास गर्दै लग्नुपर्छ । उदाहरणका लागि वीरगंज, विराटनगर वा जनकपुरमध्ये कुनै एउटा शहरलाई आइटी हबको रूपमा विकास गर्नुपर्छ ।**

मुलुकको आर्थिक विकास र समृद्धिका लागि विशेषगरी कृषि, ऊर्जा, उद्योग-व्यवसाय, पर्यटन र भौतिक पूर्वाधार निर्माणलगायतका क्षेत्रको विकास गर्नुपर्छ भन्ने आम बुझाइ छ । तर सूचना प्रविधि क्षेत्रको विकासबाट मुलुकले आर्थिक समृद्धिको आधार निर्माण गर्न सक्छ भन्ने विषयमा त्यति बहस हुन सकेको छैन । नेपालमा सूचना प्रविधि उद्योगको सम्भावना र यसले मुलुकको आर्थिक विकास र समृद्धिमा गर्न सक्ने योगदानका बारेमा त्यति चर्चा परिचर्चा हुने गरेको पाइँदैन । विश्वमा सबैभन्दा ठूलो सूचना प्रविधि सेवा निर्यात गर्ने मुलुक भारत रहेको बुझिन्छ । भारतमा कुल गार्हस्थ्य उत्पादनको करीब आठ प्रतिशत यो उद्योगमा निर्भर छ भने करीब २४३ बिलियन अमेरिकी डलरको राजस्व सिर्जना गर्ने लक्ष्य भारतको छ । ती राजस्वमध्ये १९४ बिलियन अमेरिकी डलरको राजस्व सफ्टवेयर सेवा निर्यात गरेर र बाँकी ५० बिलियन डलर आफ्नै घरेलु बजारबाट आम्दानी गर्ने योजना भारतको छ । भारतको कर्नाटक राज्यको बैङ्गलोरलाई अहिले दक्षिण एशियाको सिलिकन भ्याली भनेर चिनिने गरिन्छ। यसरी सूचना प्रविधि क्षेत्रमा भारतले हासिल गरेको उपलब्धि रातारात पक्कै आएको होइन, यसका लागि भारतले केही महत्त्वपूर्ण काम गरेको छ । फलस्वरूप भारत विश्वमैं सबैभन्दा धेरै सूचना प्रविधि सेवा निर्यात गर्ने देश बन्न पुगेको छ। सन् २००० मा भारतले सूचना प्रविधिलाई विशेष आर्थिक क्षेत्रको रूपमा घोषणा गऱ्यो । जसले भारतमा सूचना प्रविधि उद्योग खोल्नका लागि अनुकूल नियामक ढाँचा, पूर्वाधार निर्माणमा काम गर्न तथा करको दायरालाई फरक हिसाबले कायम गर्नेगरी सहजीकरण गऱ्यो ।

यसैगरी, आर्थिक वर्ष २०२०/२१ मा बङ्गलादेशको सूचना प्रविधि र सफ्टवेयर सेवा क्षेत्रले करीब १.३ बिलियन अमेरिकी डलर विदेशमा सेवा निर्यात गरेर आम्दानी गरेको तथ्याङ्क छ। इन्स्टिच्युट फर इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिज (आइआइडिएस)ले हालै सार्वजनिक गरेको एक प्रतिवेदनले नेपालमैं बसेर विदेशीलाई सूचना प्रविधि सेवा निर्यात गरिरहेका करीब साढे ६६ हजार सूचना प्रविधिको जनशक्तिमार्फत वार्षिक ६७ अर्ब रुपियाँभन्दा बढी आम्दानी गरिरहेको छ। नेपालमा सूचना प्रविधि क्षेत्रले वार्षिक ६७ अर्ब ४६ करोड ५० लाख रुपियाँ (५१५ मिलियन डलर) आम्दानी गरिरहेको सो प्रतिवेदनमा उल्लेख छ। सूचना प्रविधि सेवा निर्यातबाट मुलुकको कुल गार्हस्थ्य उत्पादनमा १.४ र वैदेशिक लगानी सञ्चितिमा ५.५ प्रतिशत योगदान रहेको सो प्रतिवेदनले जनाएको छ। नेपालबाट सूचना प्रविधिको सेवा निर्यात गर्ने जनशक्तिमध्ये ८३.५ प्रतिशत २० देखि २९ वर्ष उमेर समूहका युवाहरू सक्रिय रहेका छन्। वास्तवमा राज्यको विशेष पहलविना नै निजी क्षेत्रले खासगरी युवावर्गले यो स्तरको आर्थिक अवसर सिर्जना गर्नु निकै प्रशंसनीय विषय हो । यसलाई थप मिहिनेत गरेर सरकारले नीतिगत मात्र नभई पूर्वाधारमा लगानी गर्ने वातावरण बनाउन सक्नुपर्छ। यसका साथै सूचना प्रविधिका क्षेत्रमा सरकारले नीति-नियम बनाएर सहजीकरण गर्ने विषयलाई प्राथमिकतामा राख्न सक्नुपर्छ। राज्यका संयन्त्र सहजकर्ताको रूपमा नभई नियामकको रूपमा प्रस्तुत हुने विगतको परम्परा र संस्कारलाई परिवर्तन गरी राज्य नियामक नभई सहजकर्ताको रूपमा आफूलाई उभ्याउन सक्नुपर्छ ।

अहिले करीब ८०० मिलियन डलरको सूचना प्रविधि (आइटी) र आइटी इनेबल बिजनेसको उद्योग छ । यस उद्योगमा लगानी बढाउन र यसका लागि आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्ने तयारीमा अहिलेदेखि नै लाग्नुपर्छ । यसका लागि ती उद्योगलाई प्रभाव पार्न सक्ने न्यूनतम नीतिगत सहजता, स्थिरता र लगानीको वातावरण बनाउनका लागि राज्य गम्भीर हुनैपर्छ। अहिलेको अवस्थालाई विश्लेषण गरेर हेर्ने हो भने यो उद्योगबाट मुलुकले नाफा आर्जन गर्न सक्ने तथा सेवालाई विदेशमा बेचेर व्यापार घाटा कम गर्न सक्ने सम्भावना भएको सबैभन्दा ठूलो क्षेत्र हो । यसका लागि सरकारले यो क्षेत्रलाई विशेष आर्थिक क्षेत्र घोषणा गरेर केही नीतिगत व्यवस्था गर्नुपर्छ । सूचना प्रविधि उद्योगको विकास र विस्तारका लागि लगानीमैत्री वातावरण बनाउनुका साथै यस उद्योगमा वैदेशिक लगानी र ज्ञान भित्र्याउने पहल सरकारको हुनुपर्छ । किनभने यस उद्योगमा विदेशी लगानी भित्र्याउनु भनेको पूँजी मात्र भित्र्याउनु होइन, योसँगै विश्व बजारमा काम गर्दाको ज्ञान र अनुभव पनि हासिल गर्नु हो। त्यसैले यस उद्योगको विकास तथा विस्तारका लागि यसलाई विशेष आर्थिक क्षेत्र घोषणा गरेर यस क्षेत्रभित्र सञ्चालित उद्योग र व्यवसायहरूलाई जस्तै कर प्रोत्साहन र भन्सार शुल्क छुटहरूको दायरा प्रदान गर्नुपर्छ । यी लाभहरूमा कम वा शून्य भन्सार शुल्क, आयकर छुट र अन्य करसम्बन्धी फाइदाहरू समावेश गर्न सक्छन् । यस्ता प्रोत्साहनले निर्यातमुखी गतिविधिमा संलग्न व्यवसायका लागि यो क्षेत्र आकर्षकको केन्द्र बन्न सक्छ । यसका साथै सूचना प्रविधि उद्योगमैत्री पूर्वाधार निर्माण तथा यसका लागि आवश्यक पर्ने जनशक्ति उत्पादनका लागि विद्यालय शिक्षादेखि नै यससम्बन्धी पाठ्यक्रम लागू गर्नुपर्छ । अहिले विद्यालयस्तरमा कम्प्युटरको सामान्य कक्षा शहरी क्षेत्रमा हुन्छ तर त्यो एकदमै आधारभूत तहको छ । हरेक प्रदेशमा केही विशेष विद्यालयहरू छनोट गरेर यस सम्बन्धी विशेष कोर्सहरू कम्तीमा कक्षा ८ बाट नै लागू गर्नुपर्छ ।

अहिले आइटी क्षेत्रमा धेरै कलेज आइरहेका छन् तर समय अनुसार पाठ्यक्रम अपग्रेड हुन सकेको छैन । फलस्वरूप आइटी उद्योग र कलेजबीच जोडिने इकोसिस्टम निर्माण हुन सकेको छैन। काठमाडौं महानगरपालिकाले अहिले त्यो पहलकदमी शुरू गरेको छ। यस्ता पहलकदमीलाई राज्यले नीतिकै तहमा लगेर कार्यान्वयन गराउन सक्नुपर्छ । सूचना प्रविधि क्षेत्रका विद्यमान जनशक्तिलाई अन्तर्राष्ट्रियस्तरको सीप हासिल गर्नका लागि मदत पुग्ने पहल राज्यस्तरबाट हुनुपर्छ । यसका साथै काठमाडौं उपत्यकाबाहिरका केही शहरलाई आइटी हबका रूपमा विकास गर्दै लग्नुपर्छ । उदाहरणका लागि वीरगंज, विराटनगर वा जनकपुरमध्ये कुनै एउटा शहरलाई आइटी हबको रूपमा विकास गर्नुपर्छ। यसका लागि ती शहरमा आइटीमैत्री पूर्वाधार, आवश्यक कलेज र जनशक्ति उत्पादन गर्न सक्ने संस्थाहरू तथा आइटी कम्पनी स्थापनाका लागि करमा केही छुट र प्रोत्साहनका प्याकेज ल्याएर काम गर्न सक्नुपर्छ । यसैगरी, सूचना प्रविधि उद्योग विकासका लागि राज्यले संस्थागत ज्ञान साझेदारी कार्यक्रम ल्याउनुपर्छ, यस अन्तर्गत सरकारको समन्वयमा भारतका केही शहरमा अध्ययनरत नेपाली विद्यार्थीलाई केही समयका लागि भएपनि त्यहाँस्थित सूचना प्रविधि क्षेत्रका ठूलूला कम्पनीहरूमा इन्टर्नकै रूपमा काम गर्ने अवसरको खोजी गर्नुपर्छ । प्रदेश सरकारले पनि भारत सरकारसँग मिलेर यसलाई एउटा योजनाको रूपमा अगाडि बढाउन सक्छ। विशेषगरी बढी प्रतिफल दिने यस्ता उद्योग क्षेत्रमा मापदण्ड बनाएर स्वदेशी लगानीलाई प्रोत्साहन दिने वातावरण बनाइयो भने अबौंखबौं रकमको पूँजी बाहिरिनबाट पनि रोकिन्छ । अर्कोतर्फ यस्तो रकम फेरि मुलुकभित्रै लगानी हुन जान्छ । मुलुकमा जति लगानी बढ्यो त्यसले एकातिर आत्मनिर्भरता बढाउँछ भने ठूलो मात्रामा रोजगार बढाउँछ ।

वास्तवमा उद्यमशीलताले नै दिगो आर्थिक विकास, स्वाधीन अर्थतन्त्र र पूँजी निर्माण गर्ने हो। अर्थतन्त्रलाई सबल बनाउने हो। तर अहिलेको परिस्थितिमा उद्यमशीलता नै सिर्जना हुन सकेको छैन। यसले उत्पादनदेखि दिगो विकास र दीर्घकालीन लक्ष्यमा समेत प्रभाव पार्ने देखिन्छ । यसो हुँदा आन्तरिकरूपमा रोजगार सिर्जनासमेत हुने छैन । भएकै रोजगारसमेत गुमिरहेको वा गुम्ने जोखिम बढ्न सक्ने अवस्था आउन सक्छ। यसरी उद्यमशीलता मर्न थाल्नु र उद्यमीको मनोबल खस्नु सबल अर्थतन्त्रका चुनौती हुन्। त्यसैले सूचना प्रविधिसँग सम्बन्धित उद्योग स्थापनाका लागि स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहित गर्न सक्नुपर्छ । यसका साथै वैदेशिक रोजगारमा देखिएका आकर्षणलाई विकर्षणमा बदल्न 'सूचना प्रविधि उद्योग' स्थापनाको नीतिलाई अभियानकै रूपमा अगाडि बढाएर युवालाई गाउँमैं बस्ने र गरिखाने वातावरणको सिर्जना गर्नु सरकारको प्रमुख कार्यभार हुनुपर्छ । मुलुकको विकास र समृद्धि हासिल गर्न विशेषगरी सरकारले चारवटा काम गर्नु आवश्यक छ– (१) औद्योगिक नीतिले सूचना प्रविधिसँग सम्बन्धित क्षेत्रमा ध्यान केन्द्रित गर्नुपर्छ, (२) व्यापार सिन्डीकेट भत्काउनुपर्छ, (३) उद्योग स्थापनाका लागि विदेशी लगानीलाई प्रोत्साहित गर्नुपर्छ र (४) उद्योगको विकासमा निजी क्षेत्रको भूमिकाबारे मानसिकता बदल्नुपर्छ। यसको सुरुआत राजनीतिकर्मीहरूबाटै हुनुपर्छ ।

त्यसैले उच्च आर्थिक वृद्धिदर हासिल गर्न तथा सबल र स्वाधीन अर्थतन्त्रको निर्माणका लागि स्वदेशमैं उद्योग स्थापना गर्न सक्नुपर्छ । मुलुकको सूचना प्रविधि क्षेत्रलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने दायित्व सरकारको हो। विकास, समृद्धि, सुशासन, सामाजिक मर्यादा कायम राख्न राजनीतिक नेतृत्वमा ऊर्जा, निष्ठा, दृष्टि, बौद्धिकता, रचनात्मकता, क्रियाशीलता र मौलिकता हुनु अपरिहार्य छ । यस्ता उद्योगको विकास र विस्तारले रोजगार बढाउँछ र गाउँशहर समृद्ध बनाउन सहयोग पुऱ्याउँछ। गाउँशहर समृद्ध भए मात्र समग्र मुलुकको दिगो विकास सम्भव हुन्छ । त्यसैले मुलुकमा आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने जिम्मेवारी सरकारको काँधमा आएको छ। यसका साथै औद्योगिक प्रवर्द्धन तथा उद्यमशीलताको माध्यमबाट रोजगार सिर्जना गरी समतामूलक एवं दिगो आर्थिक विकास हासिल गर्ने सरकारको प्रमुख कार्यभार हुनुपर्छ ।



**धान चुट्दै गरेका महिला:** भीमदत्त नगरपालिका-९ खल्लाका महिला धान चुट्दै । तस्बिर: राजेन्द्रप्रसाद पनेरू/रासस

# बाख्रालाई आधुनिक खोर

बलेवा (बागलुङ), ९ कात्तिक/रासस

जैमनी नगरपालिका-१० राङखानीकी अस्मिता रानाले ३० वटा बाख्रा पालेकी छन्। सफा र आधुनिक खोर हुँदा बाख्रा स्वस्थ र मोटा छन्। अग्लो खोर भएकोले मल निकाल्न पनि सजिलो छ । छ फिट अग्लो गोठमाथि काठले बारेको आधुनिक खोर बनाएर पाल्दा उत्पादन राम्रो भएको उनको भनाइ छ ।

खोरभित्र मल जम्मा नहुने, हावा खेल्ने र पाठापाठी, माउ र बोकाको छुट्टाछुट्टै कोठामा राख्ने व्यवस्थापन गर्दा उनका बाख्रा मोटा र खाइलाग्दा पनि देखिएका छन्। चार वर्षअघिसम्म उनले पाँच/सातवटा मात्रै बाख्रा पालेकी थिइन्। अहिले आधुनिक खोरमा सङ्ख्या पनि बढाइन् । लगानी बढाउँदा उनको आम्दानी पनि बढेको छ । राङखानीकै यामबहादुर थापाको खोरमा अहिले ५० वटा बाख्रा छन् । उनले पनि अग्लो, हावा खेल्ने र पाठापाठी, बोका र माउ बाख्राको छुट्टै कोठा बनाएर पालेका छन्। बाख्रापालनलाई व्यावसायिक बनाउन राङखानीमा घरघरै आधुनिक खोर बनाउन थालिएको छ।

चार वर्षदेखि राङखानीमा मात्रै ३० बढी किसानले आधुनिक खोर बनाएर बाख्रा पाल्न थालेका छन्। गत आर्थिक वर्ष मात्रै जिल्लाभरमा १७५ वटा आधुनिक खोर बनेर किसानले बाख्रा पाल्न थालेको तथ्याङ्क छ। यसरी पाल्दा उत्पादन बढेको छ । बाख्रामा रोगको समस्या पनि नभएको थापाले बताए । "हामीले नजानेर साँघुरो खोरमा सबैलाई राखेर पाल्थ्यौं, त्यसरी पाल्दा उत्पादन लिनै सकिएन," किसान थापाले भने, "अहिले उत्पादन पनि बढेको छ, बाख्रा पनि स्वस्थ छन् ।" यसरी पाल्दा ५० प्रतिशत बढी फाइदा कमाउन सकिएको उनले बताए ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको बागलुङ कार्यालयले किसानलाई तालीम र अनुदान दिएर व्यवस्थापन सिकाएपछि बागलुङमा मात्रै १७५ बढी आधुनिक खोर बनिसकेको कार्यालयका प्रमुख सुजित पौडेलले बताए। परियोजनाले प्रतिखोरमा रु दुई लाखसम्मको अनुदान र प्राविधिक ज्ञान दिएको हो । किसानको उत्पादनले खसीबोकामा जिल्ला आत्मनिर्भर बन्ने तयारीमा पुगेको उनले बताए ।

बाख्रा जोन कार्यक्रममार्फत बागलुङ र जैमिनी नगरपालिका र बरेङ गाउँपालिका छनोट भई ती स्थानका किसानलाई व्यावसायिक बनाउँदा मासुमा आत्मनिर्भर बन्ने अवस्था आएको उनले बताए ।



तस्वीर: सौजन्य

परियोजनामार्फत बागलुङमा अघिल्लो आर्थिक वर्ष रु एक करोड १२ लाख र गत वर्ष एक करोड १८ लाख रुपियाँ किसानको आधुनिक खोर निर्माणमा लगानी भएको हो । कृषि सहकारी र व्यक्तिगतरूपमा समेत दर्ता गरेर फर्म चलाएका पाँचवटाभन्दा बढी बाख्रा पालेका किसानलाई खोर निर्माणमा अनुदान दिइएको हो । अनुदान दिएका खोरबाट गत आर्थिक वर्ष बागलुङमा २१३ दशमलव १३ मेट्रिकटन मासु उत्पादन भएको परियोजनाको तथ्याङ्क छ ।

छिटफुटरूपमा बोयर र बिटल जातका बाख्रा पालिए पनि अधिकांश किसानले स्थानीय खरी र जमुनापारि जातका पालेका छन् । पशु आहारा व्यवस्थापन, पशु स्वास्थ्य र बजारीकरणमा पनि परियोजनाले लगानी गरेको हो । भेटेरिनरी अस्पताल तथा पशुविज्ञ सेवा केन्द्र, बागलुङका प्रमुख ऋषिराम सापकोटाले मासुको उत्पादनले जिल्लामा पुग्ने अवस्था आएको बताए ।

एक वर्षदेखि खसीबोका आयात नभएको र बरु धेरै किसानले बेचेर कमाइ गरिरहेका छन । उनले भने, "यकीन तथ्याङ्क आइनसके पनि अब बागलुङ आत्मनिर्भर भएर बेच्ने अवस्थामा पुगिसकेको छ।" गलकोट नगरपालिका र बडिगाड गाउँपालिकाका किसानले बाहिरी जिल्लामा पनि बाख्रा बेच्न थालेका हुन् ।



## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
| --- | --- | --- |
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
**सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल** मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## चीनद्वारा अन्तरिक्ष स्टेसनमा नयाँ मिसन प्रक्षेपण





तस्वीरः एएफपी

जिउक्वान, चीन, ९ कात्तिक/एएफपी
चीनले बढ्दो अन्तरिक्ष कार्यक्रमको नयाँ मिसन अन्तर्गत बिहीवार उसको तियाङ्गोङ अन्तरिक्ष स्टेशनमा एउटा नयाँ दल पठाएको छ।

चीनले उक्त मिसन अन्तर्गत सन् २०३० सम्ममा चन्द्रमामा मानिसलाई पठाउने योजना बनाएको छ।

उत्तरपश्चिम चीनको जिउक्वान प्रक्षेपण स्थलबाट स्थानीय समय अनुसार बिहान ११:१४ मा अन्तरिक्ष स्टेशनको निर्माणपछि सबैभन्दा कम औसत उमेर भएका तीन अन्तरिक्ष यात्री लिएर सेनझोउ-१७ उडेको थियो।

बिहीवार बिहान बिदाइ समारोहमा अन्तरिक्ष यात्रीहरूले रकेट प्रक्षेपणको तयारीका लागि प्रस्थान गर्नुअघि पर्यवेक्षकहरूलाई बिदाइ गरेका थिए। "अन्तरिक्ष यान लङ्ग मार्च-२ एफ वाहक माथि रहेको उक्त रेकट उत्तरपश्चिम चीनको जिउक्वान सेटेलाइट सेन्टरबाट उडेको थियो," चीनको सरकारी सिन्ह्वा समाचार समितिले बताएको छ।

उक्त टोलीको नेतृत्व ताङ होङ्बोले गरिरहेका छन्। उनी अन्तरिक्ष स्टेशनमा आफ्नो पहिलो फिर्ती अभियानमा रहेका छन्। उनीसँगै ताङ सेङ्जी र जियाङ जिङ्लिन पनि रहेका छन्। यो उनीहरूको पहिलो अन्तरिक्ष अभियान हो। सबै पुरुष चालक दलको औसत उमेर ३८ वर्ष रहेको छ। अन्तरिक्ष स्टेशनको अभियानमा यिनीहरू सबैभन्दा कान्छा हुन्। रासस

## मङ्गोलियाको एक घरमा आगलागी हुँदा सातजनाको मृत्यु

मङ्गोलिया, ९ कात्तिक/सिन्ह्वा
मङ्गोलियाको राजधानी उलानबाटोरमा बिहीवार बिहान एक भवनमा भएको आगलागीमा परी सातजनाको मृत्यु भएको आपत्कालीन व्यवस्थापन एजेन्सीले बताएको छ।

स्थायीय समय अनुसार बिहान करीब ३:५० बजे आगलागी भएको सोङ्गिनोखैरखान जिल्लामा रहेको आपत्कालीन एजेन्सीले जनाएको छ। आगलागीको कारणबारे अनुसन्धान भइरहेको समेत एजेन्सीले उल्लेख गरेको छ।

चीसो मौसम शुरू भएसँगै घरलाई न्यानो राख्न आगो बाल्ने गरिएकाले घरमा आगलागी भएको हुन सक्ने एजेन्सीले जनाएको छ। एजेन्सीका अनुसार राजधानीको आधाभन्दा बढी जनसङ्ख्या शहरका ग्रामीण जिल्लामा बसोबास गर्छन्, जहाँ पानी तताउने तथा ढल निकासको व्यवस्था छैन। रासस

## अमेरिकामा गोलीबारी, कम्तीमा २२ जनाको मृत्यु, बन्दुकधारी फरार

वाशिङ्टन, ९ कात्तिक/एएफपी
बुधवार साँझ माइनको लेविस्टन शहरमा भएको गोलीबारीमा कम्तीमा २२ जनाको मृत्यु र अन्य थुप्रै घाइते भएका शहरका अधिकारीहरूले बताएका छन्। स्थानीय अस्पतालहरू गोली लागेका घाइतेहरूले भरिएका छन्।

समाचार अनुसार सिटी काउन्सिलर रोबर्ट म्याक्कार्थीले बलिङ एल्ली र एउटा अर्को स्थान स्थानीय रेस्टुरेन्ट र बारमा भएको गोलीबारीमा मर्नेहरूको सङ्ख्या बढेर २२ पुगेको जानकारी दिए।

"मेरो बुझाइमा बलिङ एल्लीमा गोली चलाउनेहरूको अस्थायी पहिचान खुलेको छ, घटनामा २२ जना मारिएको पुष्टि भएको छ र धेरैजना घाइते भएका छन्," म्याक्कार्थीले भने।

उनका अनुसार घाइतेहरूको उपचारका लागि सेन्ट्रल माइन वरपरबाट उद्धार सवारीसाधन पुगेका थिए र लेविस्टन अस्पतालले उनीहरूको उपचारका लागि बिदामा बसेका सबै कर्मचारीलाई बोलाएको छ।

अस्ट्रेलियाका प्रधानमन्त्रीको सम्मानमा रात्रिभोज भइरहेका बेला राष्ट्रपति जो बाइडेनले माइनका गभर्नर, दुई सिनेटर र एक स्थानीय काङ्ग्रेसका सदस्यलाई फोन गरेर सङ्घीय सहयोग प्रस्ताव गर्न आग्रह गरेका ह्वाइट हाउसले बताएको छ।

स्थानीय प्रहरीले बलिङ एल्लीभित्र अर्धस्वचालित हतियार लैजाँदै गरेका एक बन्दुकधारीको फोटो फेसबूकमा पोस्ट गरेको छ।

पछि प्रहरीले ४० वर्षीय रोबर्ट कार्डका लागि एउटा बुलेटिन जारी गर्दै सामूहिक गोलीबारीका संदिग्धलाई 'सशस्त्र र खतरनाक मान्नुपर्छ' भनेको छ। "यदि तपाई उसको ठेगानाबारे जान्नुहुन्छ भने कृपया कानून प्रशासनसँग सम्पर्क गर्नुहोस्।"

प्रहरीले एउटा सेतो एसयुभीको तस्बिर पनि जारी गरेको छ। प्रहरीले गाडीको अगाडिको बम्पर कालो रङको हुन सक्ने भन्दै गाडीको पहिचानका लागि सार्वजनिक सहयोगका लागि आग्रह गरेको छ।

"कानून प्रशासनले दुई सक्रिय बन्दुकधारी घटनाको अनुसन्धान गरिरहेको छ," एन्ड्रोस्कोगिन काउन्टी शेरिफ विभागले फेसबूकमा लेखेको छ, "अनुसन्धान गर्ने क्रममा हामी सबै व्यवसायलाई बन्द गर्न वा बन्द गर्न प्रोत्साहित गरिरहेका छौं, संदिग्ध अझै फरार छ।"

माइनका गभर्नर जेनेट मिल्सले लेविस्टनमा सक्रिय बन्दुकधारीको स्थितिबारे आफू अवगत भएको र यसको जानकारी आफूलाई दिइएको बताए।

कानून प्रशासनलाई उद्धृत गर्दै सिएनएनले घटनामा कम्तीमा ५० देखि ६० जना मानिस घाइते भएका तर गोलीबारीबाट कति मानिस घाइते भएका छन् भन्नेबारे स्पष्ट नभएको बताएको छ।

लेविस्टन माइनको दोस्रो सबैभन्दा धेरै जनसङ्ख्या भएको शहर हो। यो माइनको सबैभन्दा ठूलो शहर पोर्टल्यान्डबाट करीब ५० किलोमिटर उत्तरमा पर्छ। रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | प्रगति | वृष | वादविवाद |
| मिथुन | यात्रालाभ | कर्कट | शत्रुपराजय |
| सिंह | सुसमाचार | कन्या | उदरपीडा |
| तुला | विजय | वृश्चिक | धनलाभ |
| धनु | भाग्योदय | मकर | बेचैनी |
| कुम्भ | धनलाभ | मीन | सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**सिस्ने हिमाल**: रुकुम पश्चिमको मुसीकोट नगरपालिका-१ जन्ती बस्ने लेकबाट देखिएको सिस्ने हिमाल। तस्बिर : परिचन्द्र खत्री/रासस

## मूर्ति सेलाउने विषयमा झडप

नितेश कर्ण, वीरगंज, ९ कात्तिक/
सर्लाहीको सदरमुकाम मलङ्गवामा दुर्गा पूजाको मूर्ति सेलाउन जाने क्रममा बुधवार स्थानीय र प्रहरीबीच झडप भएको छ।

झडपमा परेर दुईजना प्रहरी घाइते भएका सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपेन्द्र पञ्जियार थारूले जानकारी दिए। उनले स्थिति नियन्त्रणमा लिन प्रहरीले १६ सेल अश्रुग्याँस प्रहार गरेको बताए।

जिविस चोकमा गरिएको दुर्गा पूजाको मूर्ति सेलाउन लैजान प्रशासनले रूट निर्धारण गरेको थियो।

विगतमा मूर्ति विर्सजनको क्रममा दुई फरक समुदायबीच भएको विवादलाई मध्यनजर गर्दै प्रशासनले रूट निर्धारण गरेको थियो। तर स्थानीयले विगतकै मुस्लिम बस्ती हुँदै जाने रूटबाट लैजान खोजेपछि प्रहरीले रोकेको थियो। त्यस क्रममा तनाव बढेपछि थप प्रहरी परिचालन गरी स्थानीय प्रशासनले तोकेकै रूटबाट मूर्ति लगेर विसर्जन गरेको थियो।

## राँगाभैंसीको ठक्करबाट एकजनाको मृत्यु

प्रमोद यादव, पंचगावाँ, ९ कात्तिक/
जगरनाथपुर गाउँपालिका-४ हरपुरमा राँगाभैंसीको ठक्करबाट एकजनाको मृत्यु भएको छ।

सडकमा छाडा छाडिएका राँगाभैंसीको ठक्करबाट मोटरसाइकल चालक जीराभवानी गाउँपालिका-५ बस्ने धनेश महतो र सङ्गीता देवीलाई चोट लागेको थियो। राँगाभैंसीको ठक्करबाट गम्भीर घाइते भएका धनेश र सङ्गीताको नारायणी अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारको लागि एसएल न्युरो अस्पताल लगिएको र त्यहाँ उपचारको क्रममा धनेशको मृत्यु भएको प्रहरीले जनाएको छ।



तस्वीरः फाइल

## जन्मदिनको अवसरमा रक्तसञ्चारलाई आर्थिक सहयोग

प्रस, वीरगंज, ९ कात्तिक/
व्यापारी नवनीत अग्रवालले आफ्नो जन्मदिनको अवसरमा रक्तसञ्चार केन्द्र, वीरगंजलाई २१ हजार आर्थिक सहयोग गरेका छन्।

असहाय रोगीहरूका लागि सो रकम बराबरको सेवा शुल्क मिनहा गरी रगत उपलब्ध गराउन उनले नेपाल रेडक्रस सोसाइटी, पर्साका कोषाध्यक्ष महन्तप्रसाद यादवलाई रु २१ हजारको चेक हस्तान्तरण गरेका थिए।

कार्यक्रममा रेडक्रसका कार्यालय सहायक राजन श्रीवास्तव, विवेक पटेल, रेडक्रस रेशमकोठी उपशाखाका सचिव लालबाबू सिंह, छपकैया उपशाखाका ग्याँसुद्दीन ठकुराई, निमित्त प्राविधिक अधिकृत धीरेन्द्र झालगायतको सहभागिता थियो।

## सिम्रौनगढमा चैतन्य झाँकी प्रदर्शन

प्रस, सिम्रौनगढ, ९ कात्तिक/
सिम्रौनगढ नगरपालिका-२ रानीवासस्थित नयका बजारमा सोमवार चैतन्य झाँकी प्रदर्शन गरिएको थियो।

ब्रह्माकुमारी राजयोग कलैयाकी सञ्चालिका मीना दिदीले समाज एवं आत्मकल्याणको लागि चैतन्य झाँकी प्रदर्शन गरिएको बताइन्। उनले दुर्गा पूजामा नौ दिनसम्म व्रत गर्दा भक्ति, प्रेमभावले सकारात्मक सोच जागृत हुने बताइन्।

नवदुर्गा पूजा समिति रानीवास बजारको सहयोग र ब्रह्माकुमारी राजयोग उपशाखा सिम्रौनगढको आयोजनामा भएको चैतन्य झाँकी प्रदर्शनीमा बालिका किरणकुमारी बैठा, जीविकाकुमारी शर्माले नृत्यकला प्रस्तुत गरेका थिए।



सो अवसरमा राजयोग आदापुरकी सञ्चालिका पूर्णिमा, नवदुर्गा मेला समितिका कोषाध्यक्ष विजय शर्माले मन्तव्य राखेका थिए।

पूजा समितिका अध्यक्ष कन्हैया कुशवाहाको अध्यक्षतामा भएको कार्यक्रममा विभिन्न व्यक्तिलाई सम्मानित गरिएको थियो। कार्यक्रमको सञ्चालन निर्मला र धन्यवाद जानकीले गरेका थिए। कार्यक्रममा सनातन धर्म रक्षा मञ्च सिम्रौनगढका अध्यक्ष ओमप्रकाश ठाकुरलगायतको सहभागिता थियो।

### राजनीतिक र महँगो ....

त्यसैले कतिले बडादशैं २०८० लाई राजनीतिक दशैं भने। केहीले महँगो दशैं नामकरण गरे। हुनेखानेहरूले त मेरिजको खालमा नयाँ नोटको खूबै प्रदर्शन गरे भने चाइनिज तास र नयाँ नोटले जुवाडेहरूको रौनक बढाएको थियो। कतैकतै सोन्ह भाइ (कौडा) लगाएको समेत देखियो। स्मरणीय छ, पर्सामा बडादशैंदेखि छठसम्म ग्रामीण भेगमा कौडा खूब खेलिन्छ। वीरगंज महानगरले बेमौसमी भर्ना गरेको अनि दशैंको मुखमा खोसुवामा परेका कर्मचारीहरूले स्थानीय जनप्रतिनिधिहरूलाई सराप्दै दशैं बिताए।

सडक गल्ली जाम गरेर, जथाभावी चन्दा उठाएर माटोको दुर्गाको मूर्ति बनाएर पूजापाठ गर्ने गराउनेहरूले दुर्गापाठको सट्टा डिस्को बजाएर सबैलाई अचम्भित पारे। दुर्भाग्य यो बडादशैं केही वडाध्यक्षको हकमा नराम्रो देखियो, कुटाइ खाए। बडादशैंको सप्तमीदेखि नै वीरगंजका सडकहरूमा यातायात अव्यवस्थित भएको थियो। वीरगंजका थुप्रै पुराना बासिन्दाहरू विगतझैं वीरगंजका शक्तिपीठहरू गहवामाई आदि सम्झिएर यता आएको देखियो। दशैं आएको सूचना दिने मालाश्री धुन, रोटेपिङ, चङ्गा उडाउने आदिको नामोनिसान वीरगंजमा देखिएन। केही घरमा दशैंभरि मालाश्री धुन चैं घन्किएको सुनियो। दशैंपछि तिहार र छठ आगमन भइसकेको छ। आम जनताको दशा त्यस्तै छ।

# रक्तसञ्चार केन्द्र वीरगंजमा रगतको अभाव



तस्वीरः फाइल

प्रस, वीरगंज, ९ कात्तिक/

चाडपर्वको समयमा रक्तसञ्चार केन्द्र, वीरगंजमा रगतको अभाव भएको छ।

रक्तदान कार्यक्रम नियमित नहुँदा रगतको अभाव भएको रक्तसञ्चार केन्द्र, वीरगंजका प्रमुख सौरभराज पाण्डेले बताए।

पर्सा, बारा, रौतहट र सर्लाहीका बिरामीलाई आपत्कालीन अवस्थामा रगत आपूर्ति गर्दै आएको रक्तसञ्चार केन्द्रमा रगतको मौज्दात नरहेका कारण रगत लिन आउनेहरूलाई रित्तो हात फर्काउन बाध्य हुनुपरेको प्रमुख पाण्डेले बताए।

उनले भने– दशैं, तिहार, छठ पर्वमा रक्तदान कार्यक्रम हुँदैन, त्यसैले यसबेला रगतको अति अभाव हुन्छ। बिरामीहरूलाई धेरै गाह्रो भएपछि हामीले पनि समन्वय गरेर रगतदाताहरू खोजिदिन्छौं।

दुई हप्तादेखि नियमितरूपमा रक्तदान कार्यक्रम नभएको र चाडपर्वको समयमा विभिन्न सङ्घसंस्था तथा क्लबहरूले रक्तदान कार्यक्रम आयोजना नगर्दा रगतको अभाव भएको उनले बताए।

उनले हरेक वर्ष चाडपर्वको बेलामा रगतको अभाव हुने गरेको बताए। रगतको माग अनुसार पूर्ति गर्न नसकेकोले रक्तदान गरेर पीडितको जीवन बचाउन सबै रक्तदाता, रक्तदान गर्ने सङ्घसंस्था, रेडक्रसकर्मीलाई रक्तदान कार्यक्रमको आयोजना गर्न रक्तसञ्चार सेवा केन्द्र, वीरगंजले आग्रह गरेको छ।

# दलित बस्तीमा अन्तर्राष्ट्रिय शान्ति दिवस कार्यक्रम



तस्वीरः प्रतीक

प्रस, वीरगंज, ९ कात्तिक/

पिस फर दलित्स फाउन्डेशन नेपाल, मधेस प्रदेश, पर्साको आयोजना र युनाइटेड रिलिजियस इनिसिएटिभ (युआरआई)को सहयोगमा पर्सा जिल्लाको सखुवाप्रसौनी गाउँपालिका–३ कौवावन कटैयाका दलित मुसहर बस्तीमा अन्तर्राष्ट्रिय शान्ति दिवस मनाइएको छ।

कार्यक्रममा 'शान्तिका लागि कार्यहरूः हाम्रा महत्त्वाकाङ्क्षाका लागि' नाराका साथ र्‍याली प्रदर्शन गरिएको थियो भने दलित बालबालिकाहरूबीच चित्रकला प्रतियोगिता गराइएको थियो।

चित्रकला प्रतियोगितामा प्रथम हुने राजनकुमार राम, द्वितीय हुने मीरा कुमारी, तृतीय हुने निपु कुमारी, चौथो हुने विराज राम र पाँचौं हुने नेहा कुमारीलाई पुरस्कार वितरण गरिएको थियो।

कार्यक्रममा युआरआईका भारत, बङ्गलादेश र नेपालका संयोजक विश्वदेव चक्रवर्तीले दलित बालबालिकाहरूलाई शैक्षिक तथा खेलकूद सामग्री सहयोग गरेका थिए।

कार्यक्रममा फाउन्डेशनको संस्थापक दीपक कुमारलगायतले मन्तव्य व्यक्त गरेका थिए।

ओमप्रकाश मुसहरको अध्यक्षतामा भएको कार्यक्रममा युआरआई झारखण्डका अनुल अन्सारी, सुरेन्द्र कुमार, पिस फर दलित्स फाउन्डेशन नेपालका सचिव दीपेन्द्र, लीलावती देवी, सदस्य परमानन्द राम, सुरेन्द्र पासवान, संजोग राम, अशोक रामलगायतको सहभागिता थियो।

कार्यक्रमको सहजीकरण फाउन्डेशन नेपाल, पर्साका अध्यक्ष मनोज रामले गरेका थिए।

स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौं

कसैले पनि स्वास्थ्य उपचारको विषयलाई लिएर,

- स्वास्थ्य संस्थामा आगजनी गर्नु,
- स्वास्थ्य संस्थामा तोडफोड वा हानिनोक्सानी पुऱ्याउनु,
- स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्नु तथा चोट पुऱ्याउनु, धम्की दिनु, गालीगलौज गर्नु वा अभद्र व्यवहार गर्नु,
- स्वास्थ्य संस्थामा तालाबन्दी गर्नु वा घेराउ गर्नु,
- स्वास्थ्य संस्थाले प्रदान गर्ने उपचार सेवामा बाधा पुऱ्याउनु,

यस्ता कार्यहरू कानूनबमोजिम दण्डनीय भएकोले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौं, असल नागरिकको कर्तव्य निर्वाह गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# गिट्टी, बालुवा लोड ट्याक्टर नियन्त्रण

प्रमोद यादव, पंचगावाँ, ९ कात्तिक/

पर्साको भलुवाही खोलाबाट अवैधरूपमा गिट्टी, बालुवा लिएर निचुटातर्फ जाँदै गरेको ट्याक्टरलाई मङ्गलवार राति प्रहरीले नियन्त्रणमा लिएको छ।

प्र–०२–०३–००१ त ४४३० नम्बरको ट्याक्टरलाई इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीले वडा नं ४ बाट नियन्त्रणमा लिएको हो।

भलुवाही खोलामा अवैधरूपमा नदीजन्य पदार्थ उत्खनन गरी ट्याक्टरमा गिट्टी र बालुवा लोड गरी तस्करी गरेको आरोपमा ट्याक्टरलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

पटेर्वासुगौली गापाका अनुसार केही दिनमैं सो खोलाबाट वैधरूपमा नदीजन्य पदार्थ उत्खनन हुने बताएको छ।

# खेलकूदको संसार

## पर्सामा विराट दङ्गल कुश्ती प्रतियोगिता सम्पन्न

प्रस, वीरगंज, ९ कात्तिक/

वीरगंज महानगरपालिका–१६ नगवामा बौधीमाई महानवमी मेला २०८० तथा विराट दङ्गल कुश्ती प्रतियोगिता सम्पन्न भएको छ।



प्रतियोगिताको उद्घाटन गर्दै संविधानसभा सदस्य एवं नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य अनिल रूँगटाले देशविदेशमा कुश्ती प्रतियोगिता आयोजना भइरहेकामा खेलाडीहरूलाई अझ राम्रो ढङ्गले प्रदर्शन गर्न शुभकामना दिए।

नेपाली काङ्ग्रेस, पर्साका उपसभापति रामनारायण कुर्मीले कुश्ती खेलले युवाहरूमा सामूहिक भावना र सकारात्मक सोचको विकास गर्ने बताए। उनले कुश्ती खेलाडीहरूले सरकारी संरक्षण नपाएका कारण यो खेल लोप हुँदै गएको बताए। उनले मेलाको बेला आयोजकले दिने पुरस्कारको सीमित रकम र दर्शकबाट प्राप्त हुने उपहारबाहेक आम्दानीको अर्को स्रोत नरहेका कारण यस खेलप्रति रुचि घट्दै गएको बताए।

वीरगंज महानगरका उपप्रमुख इम्तियाज आलमले कुश्ती दक्षिण एशियामा प्राचीनकालदेखि प्रचलनमा रहेको एक प्रतिस्पर्धात्मक खेल रहेको बताए। उनले कुश्तीमार्फत मधेसले राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकूदमा आफ्नो परिचय दिइरहेको बताए। दक्षिण एशियामा कुश्तीको इतिहासलाई हेर्दा नेपालबाट नै यो खेल शुरू भएको दाबी गरे।

कार्यक्रममा नेका क्षेत्रीय सभापतिहरू मोहम्मद सहाबुद्दीन, अनिल सिंह, सन्तोष सिंह, हरिन्द्र यादव, मिन्टु सिंह, बाबुनन्द पटेल, रामनिवास यादव, शेख हजरा, अमिरी पाललगायतको सहभागिता थियो।

***प्रस, पोखरिया/***

नवदुर्गा पूजा समिति पोखरियाको आयोजनामा विराट दङ्गल कुश्ती प्रतियोगिता सम्पन्न भएको छ।



मेला समितिका अध्यक्ष एवं वडाध्यक्ष लछुमनसाह कानूको अध्यक्षतामा भएको कुश्ती प्रतियोगिताको उद्घाटन नेपाली काङ्ग्रेसका नेता सुरेन्द्र चौधरी र नगरप्रमुख प्रद्युम्न चौहानले गरेका थिए।

नेता चौधरीले पूर्वजहरूले खेल्दै आएको कुश्ती खेलको संरक्षण हुनुपर्ने बताए। उनले कुश्ती खेलबाट देशको नाम उच्च रहने भएकोले सरकारले पनि यसमा ध्यान दिनुपर्ने बताए।



कुश्ती प्रतियोगितामा टाइगर पहलवान, ठाकुर शैतान सिंह, गुन्डा चौधरी, नकाबपोस पहलवान, केशवदास वैरागी, मौसम अलि, महमद सलमान, भागवान दास, अयोध्या, सुमित साह, राज पहलवान, फजिल पहलवान, हजारी पहलवान तथा महिला पहलवानहरू आकाङ्क्षा कुमारी, नम्रता, ज्योतिले कुश्ती प्रदर्शन गरेका थिए।

पूर्वनगरप्रमुख दीपनारायण रौनियार, नेजामुद्दीन समानी, शङ्कर यादव, ललन द्विवेदी, वडाध्यक्षहरूलगायतको सहभागिता रहेको कार्यक्रममा स्वागत उपप्रमुख रूबी ठाकुर र सञ्चालन शैलेश गुप्ताले गरेका थिए।

## खसियाही गोल्डकप : बिरुवागुठी युथ क्लब विजयी

प्रस, पर्सागढी, ९ कात्तिक/

पर्सागढी नगरपालिका वडा नं १ मा आयोजित आठौं खसियाही गढीमाई गोल्डकप फूटबल प्रतियोगिता अन्तर्गत कात्तिक ७ गते फाइनल खेल समाप्त भएको छ।

फाइनल खेलमा बिरुवागुठी युथ क्लब बडनिहार दुई गोलअन्तरले विजयी भएको छ।

वनशक्तिमाई युथ क्लब, सिद्धपुर र बिरुवागुठी युथ क्लब बडनिहारबीच फाइनल खेल भएको थियो।

मध्यान्तरअघि बिरुवागुठी युथ क्लबका खेलाडी रुद्र पौडेलले पहिलो गोल गरेका थिए भने मध्यान्तरपछि लक्ष्मण चौधरीले दोस्रो गोल गरेका थिए भने राजेश चौधरीले दुई गोल गरेका थिए।

त्यसैगरी, वनशक्तिमाई युथ क्लबका खेलाडी सञ्जीता उराव र मनोज सुवाल एक/एक गोल गरेका थिए।

दुई गोलका विरुद्ध चार गोल गरी बिरुवागुठी युथ क्लब विजेता भएको थियो।

विजेता क्लबका खेलाडीहरूलाई पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठक ले नगद २० हजार तथा शिल्ड, मेडल, प्रमाणपत्रले सम्मानित गरेका थिए।

उपविजेता वनशक्ति युवा क्लबलाई वडाध्यक्ष राजकपूर खवासले नगद १० हजार, शिल्ड, मेडल, प्रमाणपत्रले सम्मानित गरेका थिए।

क्लबका अध्यक्ष मदन पटेलको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष वीरेन्द्र चौधरी, शेख खुर्सेदलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण रामजनम चौधरीले गरेका थिए।

# एक दिवसीय स्वास्थ्य शिविर सम्पन्न

प्रस, वीरगंज, ९ कात्तिक/

नेपाल कुशवाहा कल्याण समाज, पर्साद्वारा गहवामाई मेलामा अष्टमीका दिन सुदूर गाउँ देहातबाट आउने दर्शनार्थीहरूलाई लक्षित गरी उनीहरूलाई स्वास्थ्य सेवा प्रदान गर्न एक दिवसीय स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो।

जिल्ला अध्यक्ष प्रमोद कुशवाहाको सभापतित्वमा सञ्चालित शिविरमा करीब तीन सयजनाको स्वास्थ्य परीक्षण गरी निश्शुल्क औषधि वितरण गरिएको समाजका सदस्य जयनाथ महतोले बताए।



तस्वीरः प्रतीक

शिविरमा डा दिलीप कुशवाहा, डा राजदेव कुशवाहा, डा दीपक कुशवाहा, डा मनीष मेहता, डा वेदप्रकाश कुशवाहा, अहेब ज्ञानेन्द्रप्रसाद कुशवाहा, कृष्णमुरारी कुशवाहाले दर्शनार्थीहरूलाई लागेका चोटपटक, ज्वरो, टाउको र पेट दुखाइ, रिङ्गटालगायत हड्डीसम्बन्धी रोगको उपचार गरेका थिए।